का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ फागुन २०८२
शुक्रबार
13 March 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ५० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



कभर स्टोरी

# परिवर्तनको प्यास

रास्वपाले आफ्नो वाचापत्रमा अहिले भएको मन्त्रालयको संख्या घटाएर १८ वटामा झार्ने र विज्ञमन्त्री नियुक्त गर्ने भनेको छ । संविधानले ६ महिनाभन्दा धेरै गैरसांसद मन्त्री राख्न रोके पनि बालेन सरकारले मन्त्रालय घटाएर सरकारी खर्च कटौती गर्न सक्छ ।

■ जीवन शर्मा, रुपेश आचार्य र छवि सापकोटा/मध्यान्ह

## थिति बसाल्ने समय

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को 'वाचापत्र'को आवरण पृष्ठमा उपशीर्षक छ- 'थिति बसाल्ने संकल्प' अर्थात् सुशासन । प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना सकिएपछि सर्वत्र चासो छ, झन्डै दुईतिहाइ बहुमतप्राप्त रास्वपाले थितिचाहिँ कसरी बसाउला ? रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' सम्भवत: चैतको दोस्रो साता शक्तिशाली सरकारको प्रधानमन्त्री हुनेछन् । उनीप्रति सिंगो देशको ध्यान खिचिएको छ । नयाँ सरकारले कसरी काम गर्ला ? धेरैले धनगढी चुनावी सभामा बालेनले गरेको प्रतिबद्धता सम्झिरहेका छन् । 'खल्तीमा पैसा नभएका विपन्नले शिक्षा पाउनुपर्‍यो, यो हो हाम्रो एजेन्डा । विपन्न गरिबले स्वास्थ्योपचार पाउनुपर्‍यो, त्यो हो हाम्रो एजेन्डा' उनले भनेका थिए, 'दुई वर्षमा बन्नुपर्ने सडक २० वर्षसम्म बन्दैन । त्यो डेढ वर्षमा बन्नुपर्‍यो, त्यो हो हाम्रो एजेन्डा । रुखमा बाँधेर हुन्छ कि बाटोमा सुताएर हुन्छ कि खोरमा जाकेर हुन्छ, बाटो बन्नुपर्‍यो ।'



"शिक्षामा सुधार हुनुपर्‍यो, उचित स्वास्थ्य सेवा पाउनुपर्‍यो । कसैले पनि उपचार नपाएका कारणले ज्यान गुमाउनुपरेको सुन्न नपरोस् । वैदेशिक रोजगारी बाध्यता नहोस् । नेपालमै रोजगारी सिर्जना गर्न सकियोस् । किसानहरू खुसी होऊन् । नेपालीलाई नेपालकै उत्पादनले पुगोस् । पिँधमा रहेका समुदायको आवाज सुनियोस् । फरक मतको पनि कदर होस् । नागरिक स्वतन्त्रतामा कुनै किसिमको हस्तक्षेप नहोस् ।

■ **रक्षा बम**, जेनजी अभियन्ता

## शासकीय सुधारमा नजर

चुनावी सभामा रास्वपा सभापति रवि लामिछानेले अबको संसद्‌मा प्रतिपक्षसमेत नयाँ आउनुपर्ने बताएका थिए । उनले भनेझैं प्रमुख प्रतिपक्ष नै नयाँ त पाएनन्, पाँचौं दलका रूपमा पूर्वबाट श्रम संस्कृति पार्टी उदाएको छ । तर, रास्वपाबाहेक नयाँ-पुराना सबै प्रतिपक्ष मिल्दा पनि मुस्किलले एकतिहाइ पुग्छ । त्यसैले प्रतिपक्षी बेन्चको आवाज मधुरो र सडकको आवाज चर्को हुने संकेत देखिएका छन् । यस्तोमा बिग्रेको राजनीति सुधार्न रास्वपाले के गर्छ ? अहिले सर्वत्र चासोका साथ हेरिएको छ ।

## नीतिमा स्थिरता, लगानीको सुरक्षा

राजनीतिक अस्थिरताका कारण आर्थिक नीतिको फेरबदलले दिक्क निजी क्षेत्र चैत दोस्रो साता बन्ने नयाँ सरकारप्रति आशावादी देखिएको छ । यसले अर्थतन्त्र सुधारका लागि कानुन संशोधनसहित नजितामुखी काम गर्ने अपेक्षा व्यवसायीहरूको छ । पाँच वर्षअघिको कोभिड महामारीयता निजी क्षेत्रको मनोबल खस्किएको छ । अस्थिर सरकार, आर्थिक मन्दी, जेनजी आन्दोलनदेखि पछिल्लो मध्यपूर्व द्वन्द्वले निजी क्षेत्रले अनेक समस्या बेहोर्दै आएको छ । तर प्रतिनिधिसभा निर्वाचनपछि एकल बहुमतको सरकार बन्ने भएपछि निजी क्षेत्रमा नयाँ आशा र उत्साह बढेको छ ।

विस्तृत पृष्ठ २ र ३ मा

वैदेशिक रोजगार विशेष

## परराष्ट्रको अनलाइन पोर्टलमा ६६ हजारले दर्ता गराए विवरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

पश्चिम एसियाको द्वन्द्वपछि परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागले सञ्चालनमा ल्याएको अनलाइन दर्ता प्रणालीमा बिहीबारसम्म ६५ हजार ८ सय ८६ जनाले आफ्नो विवरण दर्ता गरेका छन् ।

अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि पश्चिम एसियामा द्वन्द्व चर्किएको छ । खाडी मुलुकहरूबाट नेपाली नागरिकको उद्धार तथा आवश्यक सहायतालगायतको प्रयोजनका लागि विभागले गत फागुन १८ गतेदेखि अनलाइन पोर्टल सञ्चालनमा ल्याएको हो ।

उक्त पोर्टलमा खाडी क्षेत्रमा रहेका नेपाली दूतावासमार्फत नेपाली नागरिकको पृष्ठ २ मा

### कुवेत ट्रान्जिटमा रहेका ६९ नेपालीलाई साउदी पठाइयो



**राज मल्ल/मध्यान्ह**
कुवेत, २८ फागुन

कुवेतको हवाई क्षेत्र बन्द भएका कारण कुवेतमा ट्रान्जिट हुँदै विभिन्न मुलुकमा जान लागेका ६९ जना नेपाली यात्रुलाई कुवेतस्थित नेपाली दूतावासले साउदी अरेबिया पठाएको छ ।

कुवेत ट्रान्जिटमा समस्यामा परेकाहरूलाई स्थल मार्गबाट साउदी अरेबिया पठाएपछि कुवेतस्थित नेपाली दूतावासले रियादस्थित नेपाली दूतावाससँगको समन्वयमा पृष्ठ २ मा

## इनिशा हत्याको अनुसन्धानमा सिआइबी




**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

सुर्खेतमा गत शनिबार १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या भयो । घटनामा संलग्न भएको अभियोगमा बालिकाका प्रेमी भनिएका किशोरसहित चारजना पक्राउ परेका छन् । इनिशाको शव अझै कर्णाली प्रदेश अस्पतालमा छ । हत्यारालाई कारबाही गर्नुपर्ने माग राख्दै ६ दिन बितिसक्दा पनि पीडित परिवारले बालिकाको शव बुझ्न मानेका छैनन् ।

भेरी अस्पताल नेपालगन्जका फरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यको टोलीले प्रदेश अस्पताल सुर्खेतमा पुगेर शव परीक्षण गरेको थियो । पोस्टमार्टम पृष्ठ २ मा



"१६ वर्षीय किशोरले जबर्जस्ती करणी गरेको हुनसक्ने र करणीपछि नै विकको 'जेनाइटल पार्ट'हरूमा चोटपटक लाग्नेदेखि रगत धेरै बग्दा मृत्यु भएको देखिन्छ

● **सुधीरराज शाही**
सुर्खेत प्रहरी प्रमुख

अजेन्ट आवश्यकता
डकुमेन्टेशन - ५ जना (महिला)
रिसेप्सनिस्ट - ५ जना (महिला)
योग्यता तथा अनुभव :
Salary Negotiable
▸ साउदी अरबको MOFA सम्बन्धी कार्यमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ ।
▸ नेपालमा डोफे (DOFE) सम्बन्धी काम गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।
▸ सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव अनिवार्य ।
Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal,
Mobile: 9852651444, Tel: 01-01-4593555, Email: snepalhr@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

२९ फागुन २०८२ शुक्रबार
13 March 2026 Friday

कभर स्टोरी

# थिति बसाल्ने समय

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं २८ फागुन ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को 'वाचापत्र'को आवरण पृष्ठमा उपशीर्षक छ- 'थिति बसाल्ने संकल्प' अर्थात् सुशासन । प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना सकिएपछि सर्वत्र चासो छ, झन्डै दुईतिहाइ बहुमतप्राप्त रास्वपाले थितिचाहिँ कसरी बसाउला ?

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' सम्भवतः चैतको दोस्रो साता शक्तिशाली सरकारको प्रधानमन्त्री हुनेछन् । उनीप्रति सिंगो देशको ध्यान खिचिएको छ । नयाँ सरकारले कसरी काम गर्ला ? धेरैले धनगढी चुनावी सभामा बालेनले गरेको प्रतिबद्धता सम्झिरहेका छन् । 'खल्तीमा पैसा नभएका विपन्नले शिक्षा पाउनुपर्‍यो, यो हो हाम्रो एजेन्डा । विपन्न गरिबले स्वास्थ्योपचार पाउनुपर्‍यो, त्यो हो हाम्रो एजेन्डा' उनले भनेका थिए, 'दुई वर्षमा बन्नुपर्ने सडक २० वर्षसम्म बन्दैन । त्यो डेढ वर्षमा बन्नुपर्‍यो, त्यो हो हाम्रो एजेन्डा । रुखमा बाँधेर हुन्छ कि बाटोमा सुताएर हुन्छ कि खोरमा जाकेर हुन्छ, बाटो बन्नुपर्‍यो ।'

आमनागरिकले नयाँ सरकार आएपछि सार्वजनिक सेवा लिन जाँदा प्रक्रियाका नाममा अल्झन नपरोस् भन्ने चाहेका छन् । आइन्दा सरकारी अड्डा-अदालतमा विचौलियाको भर पर्न नपर्ने ठानेका छन् । किनभने रास्वपाले वाचापत्रमा 'राजनीतिको परम्परागत भाष्यको अन्त्य गर्दै असल शासन सुरु गरिने' भनेको छ ।

### पूर्ण डिजिटल सुशासन

वाचापत्रमा दोहन र दण्डहीनताको राजनीतिक कुसंस्कारलाई देशको प्रमुख समस्याका रूपमा औंल्याइएको छ । यसको अन्त्यका लागि आगामी पाँच वर्ष पूर्ण डिजिटल सुशासन र भ्रष्टाचारको फाइल खोजीलाई माध्यम बनाइने भनेको छ । '२०७८ सम्ममा सरकारी सेवा लिन कार्यालय धाउनुपर्ने र कार्यचारी भेट्नुपर्ने बाध्यता अन्त्य गरी फेसलेस र कागजविहीन प्रशासनको आधारभूत ढाँचा



तयार गरिनेछ', वाचापत्रमा छ ।

विगतका ठूला भ्रष्टाचार काण्ड फाइल फछ्र्यौट गरी दोषीलाई कठघरामा ल्याइने र संवैधानिक निकायमा 'योग्यतावाद' लागू गरिने उसको दाबी छ । पूर्वाधार निर्माणमा ढिलासुस्ती हटाउन सार्वजनिक खरिद ऐन संशोधन गरिने भनिएको छ । त्यस्तै, कडा नियमनमार्फत पूर्वाधार निर्माणमा व्याप्त ढिलासुस्ती, अक्षमता र गुणस्तरहीनताको अन्त्य गरी रणनीतिक आयोजनाहरूलाई समयमै सम्पन्न गर्ने थिति बसालिने उल्लेख छ ।

### अनलाइनबाटै सेवा

रास्वपाले भ्रष्टाचारविरुद्ध महाअभियान सुरु गर्ने प्रतिबद्धता जनाएको छ । २०४६ सालदेखि सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने र अवैध प्रमाणित सम्पत्ति जफत र राष्ट्रियकरण गर्ने भनिएको छ ।

त्यस्तै, सार्वजनिक सेवा लिनका जनता लाइनमा बस्नुनपर्ने, बरु सबै सेवाहरू अनलाइनमै हुने उल्लेख छ । त्यसका लागि एकीकृत डाटाबेस निर्माण तथा सामाजिक सुरक्षा र सार्वजनिक नीति कार्यान्वनलाई तथ्यांकमुखी बनाइने वाचा रास्वपाले गरेको छ । 'सरकारी सेवा लिनका लागि कार्यालय–कार्यालय धाउनुपर्ने, लाइन बस्नुपर्ने, विचौलियाको भर पर्नुपर्ने हैरानीको अन्त्य गरिनेछ' उसको वाचा छ ।

पारदर्शिता, पहुँच र उत्तरदायित्व सुनिश्चित गर्न डिजिटल सर्भिस डेलिभरीको समयबद्ध कार्ययोजना स्वीकृत गरी कडाइका साथ कार्यान्वयन गरिनेसमेत भनिएको छ । यसमै २०४६ सालदेखि महत्वपूर्ण सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने प्रतिबद्धता छ । राजनीतिक दलप्रति निष्ठा राख्दै काम गर्नु अनैतिक र दण्डनीय भन्दै दलीय ट्रेड युनियन खारेज गर्ने उल्लेख छ । यद्यपि, यसले ट्रेड युनियनको संवैधानिक अधिकार उल्लंघन गर्न सक्छ सक्दैन वा सम्बद्ध कर्मचारीको प्रतिरोध आगामी सरकारले कसरी थेग्छ भन्ने कुराचाहिँ अहिल्यै भन्न कठिन छ ।

सरकारी कार्यालयमा टिप्पणी प्रथा अन्त्य गरी निर्णय प्रक्रियालाई छिटोछरितो र प्रविधिमैत्री बनाउने पनि वाचापत्रमा उल्लेख छ । कर्मचारीलाई भत्ताको साटो समयसापेक्ष तलब, स्पष्ट कार्यसम्पादन सूचकांक, मूल्यांकन र पदोन्नतिसहित प्रभावकारी वृत्ति विकास सुनिश्चित गर्नेगरी निजामती सेवा विधेयक ल्याउने भनिएको छ । विज्ञता भएको क्षेत्रमा मात्र न्यूनतम अवधि राख्नेगरी स्वायत्त बोर्डमार्फत पूर्वानुमानयोग्य सरुवा प्रणाली लागू गर्ने उसको प्रतिबद्धता छ । 'मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णय'को स्पष्ट परिभाषा गरिने र कुनै पनि नीति वा कानुन सीमित स्वार्थ समूहको लाभका लागि बनाइने प्रवृत्तिको अन्त्य गरिनेसमेत उल्लेख छ ।

सुशासनकै लागि दलहरूलाई सार्वजनिक कोषबाट वार्षिक अनुदान दिने व्यवस्था गरिने उसको नीति छ । बारम्बार एउटै व्यक्ति निर्वाचित हुने प्रवृत्ति रोक्न र पुस्तान्तरणका लागि पार्टी प्रमुख पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्थाका लागि दलसम्बन्धी कानुन बदल्ने भनेको छ । यसका साथै राष्ट्रिय गौरवका आयोजनाहरूमा 'नतिजामुखी समयबद्ध कार्ययोजना' लागू गरिनेसमेत उल्लेख छ ।

सुशासनलाई मुख्य विषय बनाएबाट रास्वपाले देशको मुख्य समस्यालाई ठीक ढंगले पहिचान गरेको आभास भएको बताउँछन्, पूर्वसचिव विष्णु लम्साल । प्रशासन जहिले पनि कागजात र प्रक्रियाको आधारमा चल्ने भएकाले त्यसलाई छिटोछरितो बनाउन कानुनमै संशोधन आवश्यक हुने उनको धारणा छ । 'सुशासनकै प्रतिबद्धता व्यक्त गरेपछि जनताले उत्साहित हुँदै भोट हालेका छन् । तर त्यसका लागि प्रविधि र स्रोत दुवै चाहिन्छ भन्ने बुझ्नुपर्छ,' लम्सालले भने ।

यसका लागि अध्ययन अनुसन्धानका नाममा लामो बाटो लिनुभन्दा २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको तरिका अपनाउँदा छिटो हुने धारणा पनि उनको छ । त्यतिबेला प्रधानमन्त्रीकै अध्यक्षतामा प्रशासन सुधार आयोग बनेको थियो । विषयविज्ञले जेजस्ता कुरा ल्याउँथे त्यसलाई मन्त्रिपरिषद्ले निर्णय गरेर सोझै कानुनमार्फत लागू हुन्थ्यो ।

दलीय विचार बोक्ने ट्रेड युनियन खारेज गर्ने अवधारणा राम्रो भएको बताउँदै लम्सालले तत्काल शतप्रतिशत हुन नसके पनि सुरु गर्नुपर्ने बताए । त्योसँगै कर्मचारीको गुनासो सुन्ने र सम्बोधन गर्ने प्रणाली स्थापना गर्नुपर्ने उनले औंल्याए ।

सिन्डिकेट र कार्टेलिङको अन्त्यका लागि त्यसको स्रोत पत्ता लगाउने र सिन्डिकेटलाई व्यवसायमा टिक्ने माध्यम ठानिरहेका व्यवसायीलाई मनाएर सिन्डिकेट अन्त्य गरिनुपर्ने धारणा पनि उनको थियो । सुशासनसम्बन्धी थुप्रै समस्या भएका कानुन कार्यान्वयन भएका छैनन् । सुशासनका बाधा हटाउन केही कानुनमा सुधार गर्नुपर्ने पूर्वसचिव लम्सालको ठम्याइ छ ।

# नजर शासकीय सुधारमा

रास्वपाले आफ्नो वाचापत्रमा अहिले भएको मन्त्रालयको संख्या घटाएर १८ वटामा झार्ने र विज्ञमन्त्री नियुक्त गर्ने भनेको छ । संविधानले ६ महिनाभन्दा धेरै गैरसांसद मन्त्री राख्न रोके पनि बालेन सरकारले मन्त्रालय घटाएर सरकारी खर्च कटौती गर्न सक्छ ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

चुनावी सभामा रास्वपा सभापति रवि लामिछानेले अबको संसद्मा प्रतिपक्षसमेत नयाँ आउनुपर्ने बताएका थिए । उनले भनेझैं प्रमुख प्रतिपक्ष नै नयाँ त पाएनन्, पाँचौं दलका रूपमा पूर्वबाट श्रम संस्कृति पार्टी उदाएको छ । तर, रास्वपाबाहेक नयाँ-पुराना सबै प्रतिपक्ष मिल्दा पनि मुस्किलले एकतिहाइ पुग्छ । त्यसैले प्रतिपक्षी बेन्चको आवाज मधुरो र सडकको आवाज चर्को हुने संकेत देखिएका छन् । यस्तोमा बिग्रेको राजनीति सुधार्न रास्वपाले के गर्छ ? अहिले सर्वत्र चासोका साथ हेरिएको छ ।

रास्वपाले चुनावी वाचापत्रमा संविधान संशोधनदेखि प्रशासनिक सुधार, मन्त्रालय घटाउने र संसद्बाहिरबाट विज्ञलाई मन्त्री बनाउने एजेन्डा अघि सारको थियो । 'एकल सरकार बनाउन आवश्यक मत दिनुस्, हामी मुलुकको मुहार फेरेरै छाड्छौं' भन्दै मतदाताकहाँ पुगेको रास्वपाले दुईतिहाइनजिक बहुमत पाएको छ । अब बन्ने सरकारका लागि काम गर्न सक्ने जनमत प्राप्त भएकाले इच्छाशक्ति भएमा सुधारका काम धेरै गर्नसक्ने बताउँछन्, प्रशासन सुधार आयोगका पूर्वअध्यक्ष काशिराज दाहाल ।

जेनजी आन्दोलन (२३-२४ भदौ, २०८२)को मुख्य कारण नै नेपालमा व्याप्त बेथिति, भ्रष्टाचार र दलीयकरण थियो । त्यसैमा थपिएको थियो, तत्कालीन सरकारले दर्ता हुन नआएको भन्दै सामाजिक सञ्जालमाथि गरेको अवरोध । 'प्राप्त जनमतअनुसार अब बन्ने सरकारले इच्छाशक्ति देखाउँदा संविधानमा संशोधनबाहेक सबै काम गर्न कसैलाई सोध्नुपर्ने अवस्था छैन,' दाहालले मध्यान्हसँग भने, 'रास्वपाले ल्याएको दुईतिहाइ बुहमतले प्रशासनिक सुधार, सेवाप्रवाह, सुशासन र मानव अधिकारका न्यूनतम कुरामा काम गर्न सक्नुपर्छ । जनतादेशले रास्वपालाई त्यो जिम्मेवारी दिएको छ ।'

आफू प्रशासनिक सुधार आयोगको अध्यक्ष हुँदा सरकारलाई दिएको प्रतिवेदनको स्मरण गर्दै दाहालले मन्त्रालयको संख्या घटाउने र अनावश्यक कार्यालय खारेज गर्नुपर्ने सुझाव दिए । उनले भने, 'सरकारले प्रशासनिक सुधार गर्न १५ वटामात्रै मन्त्रालय बनाउने, प्रतिष्ठान, बोर्डलगायत अनावश्यक संरचना हटाएर खर्च घटाउनुपर्छ । सेवा प्रवाह प्रविधिमैत्री बनाएर एकद्वार प्रणालीमार्फत सेवा दिने व्यवस्था मिलाउनुपर्दछ ।' संघीय निजामती सेवा ऐनमा व्यापक सुधार गरेर चाँडोभन्दा चाँडो ल्याउने गरी अबको सरकार लाग्नुपर्ने दाहाल बताउँछन् ।

अब रास्वपा नेतृत्वमा संसद्बाट ऐन कानुन कस्ता बन्छन् र भएका कानुन संशोधन तथा कार्यान्वयन कसरी हुन्छ भन्ने कुराले नै प्रशासनिक सुधार तय गर्नेछ । भावी प्रधानमन्त्रीका रूपमा झापा-५बाट निर्वाचित वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'ले संसद्बाहिरबाट विज्ञ मन्त्री नियुक्ति गर्न छलफल गरेको रास्वपा नेताहरू बताउँछन् । तर, गैरसांसद मन्त्रीले पूरै कार्यकाल काम गर्न भने कानुनले दिँदैन । त्यसरी नियुक्त हुने गैरसांसद मन्त्री ६ महिनाभित्र संघीय सांसद हुनुपर्छ वा कार्यकाल सकिन्छ । रास्वपाले संविधान संशोधनका लागि गरेको प्रस्तावमा गैरसांसद मन्त्री, पूर्ण सामानुपातिक संसद् र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीका लागि सहमतिको प्रयास गर्ने भनेको छ ।

रास्वपाले आफ्नो वाचापत्रमा अहिले भएको मन्त्रालयको संख्या घटाएर १८ वटामा झार्ने र विज्ञ मन्त्री नियुक्ति गर्ने विषय उल्लेख गरेको छ । एउटै दलको बहुमत नहुँदा सत्ता गठबन्धन जोगाउन पनि मन्त्रालय फुटाएर भागभन्डा गर्ने विकृति थियो । रास्वपा सरकारले त्यो रोक्न सक्छ । तर, संविधानले भने संघीय सांसद नै मन्त्रिपरिषद्को सदस्य हुनुपर्ने वा सांसद नभएको व्यक्तिलाई पनि मन्त्री बनाउँदा उसलाई ६ महिनाभित्रमा संघीय संसद्को सदस्य बनाउनुपर्ने व्यवस्था गरेको छ । रास्वपाले भनेजस्तै संविधान संशोधन गरेर प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री, पूर्ण समानुपीतिक निर्वाचन प्रणाली, संसद्बाहिरबाट विज्ञताका आधारमा मन्त्रिमण्डललगायत सन्दर्भमा भने सरकारले अरू राजनीतिक दल, विज्ञ र सरोकारवालासमेतको सहकार्यमा काम गर्न सक्ने दाहालले बताए । प्रदेशको अधिकारका सम्बन्धमा प्रदेशसँग समेत समन्वय आवश्यक पर्ने उनको भनाइ छ । 'संविधान सुधारका लागि थप गृहकार्य गर्नुपर्दछ,' उनले भने, 'संविधान सुधारका सम्बन्धमा के-के गर्ने भन्ने कुराको वर्गीकरण गरेर विज्ञहरूको समिति नै बनाएर अघि बढ्नुपर्छ । प्रदेशका सन्दर्भमा प्रदेशसँग समेत सहकार्य आवश्यक छ । तर, प्रशासनिक सुधारका लागि सरकार गठनकै दिनबाट काम गर्न सक्छ ।'



अबको सरकारले इच्छाशक्ति देखाउँदा संविधान सुधारबाहेक सबै कामहरू गर्न कसैलाई सोध्नुपर्दैन । प्रशासनिक सुधार, सेवाप्रवाह, सुशासन र मानव अधिकारका न्यूनतम कुराहरूमा काम गर्ने जनादेशसहितको जिम्मेवारी रास्वपालाई छ ।

● **काशिराज दाहाल**
**प्रशासन सुधारविज्ञ**



रवि र बालेनप्रतिको आकर्षणभन्दा पनि पुराना दलको कार्यशैली र राज्य सञ्चालन प्रक्रियाप्रति चित्त नबुझाएर मतदाताले ब्यालेट विद्रोह गरेका हुन् । आगामी सरकारले यसलाई बुझेर काम गर्नुपर्छ ।

● **चन्द्रदेव भट्ट**
**विश्लेषक**

दुईतिहाइ जनमत पाएको रास्वपाका लागि देश र जनताका पक्षमा काम गर्ने यो सुनौलो अवसर हो भने काम गर्न नसक्दा रास्वपाका लागि जनमतको भारी निकै गह्रौं हुने राजनीतिक विश्लेषकहरू बताउँछन् । निर्वाचनपछि नेपालको राजनीतिको मूलधारमा युवाहरू आएकाले यसबाट समाजले नै सकारात्मक सपना देखेको विश्लेषक चन्द्रदेव भट्ट बताउँछन् । उनले भने, 'निर्वाचनपश्चात् नेपालको राजनीति युवापुस्ताको हातमा आइसकेको छ । समाज र समयको मागअनुसार आएका युवाबाट आमअपेक्षा बढिरहन्छ नै । यसलाई नेपालको राजनीतिमा सकारात्मक रूपमा लिनुपर्दछ । यो परिणामले समग्रमा सकारात्मक सन्देश दिएको छ ।'

तर, जनमतअनुसार एकल सरकार बनाउने रास्वपाले देश र जनताका पक्षका कत्तिको इमानदार भएर काम गर्छ र चुनावअघिका वाचा कत्तिको पूरा गर्न सक्छ भन्ने कुराको अर्थ रहने उनको भनाइ छ । रवि र बालेनप्रतिको आकर्षणभन्दा पनि पुराना दलहरूको कार्यशैली र राज्य सञ्चालन प्रक्रिया चित्त नबुझाएर मतदाताले ब्यालेट विद्रोह गरेको भट्टको बुझाइ छ । यसैलाई सुझावका रूपमा लिएर आगामी सरकारले आफ्ना नीति कार्यक्रम तय गर्ने उनी बताउँछन् ।

# भुइँमान्छेका अपेक्षा

## सहज जीवनको सुनिश्चितता

भोट दिँदा मतदाताले शक्तिशाली सरकार बनाउने संकल्प गरेको परिणामले देखाएको छ । ताकि, नागरिकको सहज जीवनको सुनिश्चितता होस् । स्वदेशमै रोजगारीको अवसर, सर्वसुलभ स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, सुरक्षा र छिटोछरितो सरकारी सेवा पाइयोस् ।



जेनजी आन्दोलनबाट उदाएकी नेतृ हुन्- रक्षा बम । जेनजी अभियन्ताका रूपमा समेत परिचित उनी पुराना राजनीतिक दलहरूले व्यवस्था परिवर्तन गरेको, तर नागरिकको अवस्था परिवर्तन गर्न नसकेको बुझाइमा छन् । उनका अनुसार यीलगायत कारणले युवामा असन्तोष बढिरहेका बेला गत २३ र २४ भदौमा देशव्यापी जेनजी आन्दोलन भएको हो ।

जेननी आन्दोलनको पृष्ठभूमिमा यही २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन भयो र जेनजी आन्दोलनको अपनत्व लिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निर्वाचनबाट दुईतिहाइ बहुमत नजिक पुगेको छ ।

यस्तो शक्तिशाली सरकारसँग नागरिकको अपेक्षा के छ त ? एउटा टेलिभिजन अन्तरवार्तामा जेनजी अभियन्ता बमले भनेकी छिन्, 'शिक्षामा सुधार हुनुपर्‍यो, उचित स्वास्थ्य सेवा पाउनुपर्‍यो । कसैले पनि उपचार नपाएका कारणले ज्यान गुमाउनुपरेको सुन्न नपरोस् । वैदेशिक रोजगारी बाध्यता नहोस् । नेपालमै रोजगारी सिर्जना गर्न सकियोस् । किसानहरू खुसी होऊन् । नेपालीलाई नेपालकै उत्पादनले पुगोस् । पिँधमा रहेका समुदायको आवाज सुनियोस् । फरक मतको पनि कदर होस् । नागरिक स्वतन्त्रतामा कुनै किसिमको हस्तक्षेप नहोस् ।' अर्थात्, नयाँ सरकारसँग जनताको धेरै अपेक्षा छन् । निर्वाचन परिणामले पनि यही संकेत गर्छ कि- पुराना दलप्रति निराशा छ र नयाँ विकल्पबाट परिवर्तनको आशा गरिएको छ । आमनागरिकले नयाँ सरकारसँग जीवनसँग जोडिएकै समस्या समाधान हुने अपेक्षा राखेका छन् ।

सबैभन्दा ठूलो अपेक्षा जनजीविकामा सुधार हो । महँगी, बेरोजगारी र घट्दो आम्दानीले सामान्य परिवारको दैनिक जीवन कठिन बनाएको छ । खाद्यान्न, इन्धन, घरभाडा र स्वास्थ्य-शिक्षा खर्च बढ्दै जाँदा नागरिकले सरकारबाट बजार नियन्त्रण, रोजगारी सिर्जना र आय बढ्ने वातावरण चाहेका छन् । धेरै मतदाताले नयाँ शक्तिलाई भोट दिँदा 'राजनीतिक भाषणभन्दा नागरिकको अवस्थामा सुधार'को खोजी गरेको भनेका छन् । शक्तिशाली सरकारसँग नागरिकले गरेको दोस्रो अपेक्षा सुशासन र भ्रष्टाचार नियन्त्रण हो । भ्रष्टाचारका काण्ड, ढिलासुस्ती र प्रशासनिक अव्यवस्थाले पुराना दलहरूप्रति जनविश्वास कमजोर बनाएको थियो । नयाँ सरकारसँग नागरिकले सरकारी सेवा छिटो, पारदर्शी र झन्झटविहीन बनोस् भन्ने चाहेका छन् । त्यसैले नयाँ सरकारसँग कडा कानुनी कारबाही, पारदर्शी निर्णय प्रक्रिया र डिजिटल प्रशासनको अपेक्षा बढी देखिन्छ ।

तेस्रो अपेक्षा युवा रोजगारी र स्वदेशमै अवसर सिर्जना हो । ठूलो संख्यामा युवाहरू वैदेशिक रोजगारीतर्फ जान बाध्य भइरहेका छन् । देशभित्र उद्योग, उद्यम र प्रविधिमा आधारित रोजगारी बढे युवालाई स्वदेशमै भविष्य देखिनेछ । नयाँ सरकारसँग धेरै मतदाताले यही आशा गरेका छन्- वैदेशिक निर्भरता घटाउने र उत्पादनमूलक अर्थतन्त्र निर्माण गर्ने योजना नयाँ सरकारले ल्याउनेछ ।

राजनीतिक संस्कारमा परिवर्तन आउने नागरिकको चौथो अपेक्षा छ । सरकार फेरिए पनि शैली नफेरिने समस्या लामो समयदेखि आलोचनाको विषय बन्दै आएको छ । दलगत भागबन्डा, अस्थिर गठबन्धन र सत्ताकेन्द्रित राजनीति अन्त्य होस् भन्ने चाहना नागरिकमा छ । यी अपेक्षा पूरा गर्न नयाँ सरकारले स्पष्ट नीति तय गर्नुपर्दछ । यी कैयन् विषय संविधानमा समावेश छन् । तर, कार्यान्वयन भएको छैन । यसकारण नयाँ सरकारबाट संविधान कार्यान्वयन हुने र प्राप्त संवैधानिक अधिकारको उपयोग गर्न पाउने आश आममतदातामा रहेको देखिन्छ ।

### संविधान कार्यान्वयन कहिले ?

मतदाताले दुईतिहाइ बहुमत दिलाएको पार्टी रास्वपाले संविधानमा आवश्यक संशोधन गर्ने र कार्यान्वयन गर्ने वाचा गरेको छ । कम खर्चिलो बनाउन संघ र प्रदेश सरकारको मन्त्रालयको संख्या घटाउने, अनावश्यक सरकारी संरचना खारेज गर्ने, प्रदेश सरकारको संरचनामा केही सुधार गर्ने उसको वाचा छ । बाँकी संविधानतः नागरिकले प्राप्त गरेका अधिकार दिलाउने उसको प्रतिबद्धता छ । यसको अपेक्षा राखेरै नागरिकले यी सबै कार्य गर्न सक्नेगरी बहुमत दिलाएका हुन् ।

यसकारण अब संविधान कार्यान्वयन कहिले ? भन्ने प्रश्नको जवाफ नयाँ सरकारले दिनुपर्ने हुन्छ । किनभने, नेपालमा नयाँ संविधान जारी भएको एक दशक बितिसक्दा पनि त्यसले प्रतिबद्धता जनाएका धेरै प्रावधान पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन् । यही कारणले पनि आमनागरिकमा 'संविधान कागजमै सीमित भयो' भन्ने असन्तुष्टि बढ्दै गएको देखिन्छ । यही असन्तुष्टि यसपटकको निर्वाचनमा मतपरिणाममार्फत प्रकट भएको विश्लेषण कतिपयको छ ।

संविधान जारी हुँदा यसलाई समावेशी, संघीय र अधिकारमुखी संविधानका रूपमा प्रस्तुत गरिएको थियो । शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, आवासलगायत धेरै विषयलाई मौलिक हकका रूपमा स्थापित गरिएको थियो । तर यी अधिकारलाई व्यवहारमा लागू गर्ने कानुन, संस्थागत संरचना र पर्याप्त स्रोत व्यवस्थापन हुन नसक्दा नागरिकले त्यसको प्रत्यक्ष लाभ लिन पाएका छैनन् ।

संविधानले नै तीन वर्षभित्र संविधानअनुकूल नरहेका कानुनहरू संविधानअनुकूल बनाउने भनेको थियो । त्यसलाई भाषागत रूपमा मिलाउँदै संसद्ले विनाछलफल हतार-हतार मौलिक हकसम्बन्धी कानुन बनायो । विडम्बना ! मौलिक हकसम्बन्धी कानुन कार्यान्वयनमा छैनन् । कारण हो- मौलिक हक कार्यान्वयन गर्नका लागि आवश्यक नियमावलीहरू बनेका छैनन् । अर्थात्, संविधानले आवासको हक, शिक्षाको हक, स्वच्छ वातावरणको हक, रोजगारीको हकलगायत १६ वटा हकलाई मौलिक हकको रूपमा राख्यो । कार्यान्वयन गर्ने आधार र कानुनी प्रावधानले नै पूर्णता पाएको छैन ।

### कस्तो कर्मचारी, कस्तो सुरक्षा निकाय ?

संविधानले संघीय संरचनालाई बलियो बनाउने उद्देश्यले प्रशासनिक क्षेत्रमा पुनःसंरचना गर्ने भनेको छ । तर व्यवहारमा कर्मचारीतन्त्र पुरानै संरचनामा सञ्चालन भइरहेको छ । संघीय प्रणालीअनुसार प्रशासनिक पुनर्संरचना गर्न ढिलाइ हुँदा प्रदेश र स्थानीय सरकारको कार्यक्षमता अपेक्षित रूपमा बढ्न सकेको छैन । कर्मचारी समायोजनको मुख्य काम विगतको प्रतिनिधिसभाको कार्यकालभित्रै भयो । तर संघ, प्रदेश र स्थानीय तहको कर्मचारीको भर्ना, अधिकार क्षेत्र र कुन तह मातहत रहनेजस्ता विषयमा परिणाम आएन । संविधानतः प्रादेशिक लोकसेवा आयोगहरू बनेका छन् । तर, अहिले पनि स्थानीय तह र प्रदेशमा संघ मातहतकै कर्मचारी छन् ।

प्रदेशको प्रमुख सचिव, प्रदेशका मन्त्रालयका सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत संघ मातहत हुनुपर्ने अडानका बीच तत्कालीन केपी ओली नेतृत्वको सरकारले विधेयक ल्याएको थियो । तर, प्रदेश र स्थानीय तहमा संघका कर्मचारी रहने विषय संघीयताको मर्म विपरीत हुने तर्कका कारण निजामती ऐन नै बन्न सकेको छैन । यसैगरी प्रहरी समायोजन पनि लामो समयदेखि अधुरो विषय बनेको छ । संघीय शासन प्रणाली सफल बनाउन सुरक्षा र प्रशासनिक संरचनाको समायोजन अत्यन्त महत्वपूर्ण हुन्छ, तर यही काममा ढिलाइ हुँदा संघीयताको अभ्यास कमजोर भएको छ । सुरक्षा निकाय कुन तहअन्तर्गत कतिसम्म रहने भन्ने विषय विगतको संसद्मा सधैं चर्चामा रह्यो, तर कानुन बन्न सकेन । परिणाममा प्रादेशिक सुरक्षा निकाय बन्नै सकेनन् । देशभर अहिले पनि केन्द्रीकृत शासन व्यवस्था अनुसारकै सुरक्षा संयन्त्र छ ।

संविधान कार्यान्वयनको ढिलाइले केवल संस्थागत संरचनामा मात्र प्रभाव पारेको छैन, यसले जनताको मनोविज्ञानमा पनि असर गरेको छ । संविधानलाई ऐतिहासिक उपलब्धि भनिए पनि त्यसको प्रत्यक्ष लाभ नागरिकले अनुभूति गर्न सकेका छैनन् । नागरिकले राजनीतिक परिवर्तन भएको भए पनि शासन शैली र सेवा प्रवाहमा अपेक्षित सुधार नभएको गुनासो गर्दै आएका छन् । यसकारण पनि नागरिकले विकल्प खोजेका हुन् । किनभने, संविधानले राज्यको संरचना मात्र परिवर्तन गरेन, अधिकार विकेन्द्रीकृत गर्दै नेपालको विकासमा नयाँ संकल्प गरेको थियो । त्यसमा नागरिकलाई प्रत्यक्ष जोड्न स्थानीय तह, प्रदेश र संघीय सरकार गरी तीन तहको संरचना बनाइएको हो । तीन तहको सरकारले गर्ने भनेर तोकिएका विषय नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएका शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, आवास, खाद्य अधिकारजस्ता विषय छन् ।

अर्थात्, संविधान जारी हुँदा जनतामा ठूलो आशा जागेको थियो- अब राजनीतिक परिवर्तनले दैनिक जीवनमा पनि सहजता ल्याउनेछ । तर संविधान जारी भएको १० वर्ष बित्दा पनि धेरै नागरिकले त्यो परिवर्तन प्रत्यक्ष रूपमा महसुस गर्न सकेका छैनन् । यही कारण अहिले शक्तिशाली उही अपेक्षा राखेका छन्- नागरिकको सहज जीवनको सुनिश्चितता होस् । स्थिर आय, रोजगारीको अवसर, सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा, राम्रो शिक्षा, सुरक्षित वातावरण र छिटोछरितो सरकारी सेवा पाइयोस् । संविधानले यी सबै विषयलाई राज्यको दायित्वका रूपमा स्वीकार गरिसकेको छ । तर राज्यका संस्थाहरूले प्रभावकारी रूपमा काम नगर्दा नागरिकको जीवनमा अपेक्षित सहजता आउन सकेको नसकेको हो । नयाँ सरकारले यही बुझ्नुपर्छ- जब संवैधानिक अधिकार नागरिकको दैनिक जीवनमा अनुभव हुन थाल्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अर्थ स्थापित हुन्छ । यही लक्ष्य हासिल गर्न सके शक्तिशाली सरकारको ऐतिहासिक भूमिका सफल ठहरिनेछ ।

कभर स्टोरी

# नीतिमा स्थिरता, लगानीको सुरक्षा

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

राजनीतिक अस्थिरताका कारण आर्थिक नीतिको फेरबदलले दिक्क निजी क्षेत्र चैत दोस्रो साता बन्ने नयाँ सरकारप्रति आशावादी देखिएको छ । यसले अर्थतन्त्र सुधारका लागि कानुन संशोधनसहित नजितामुखी काम गर्ने अपेक्षा व्यवसायीहरूको छ ।

पाँच वर्षअघिको कोभिड महामारीयता निजी क्षेत्रको मनोबल खस्किएको छ । अस्थिर सरकार, आर्थिक मन्दी, जेनजी आन्दोलनदेखि पछिल्लो मध्यपूर्व द्वन्द्वले निजी क्षेत्रले अनेक समस्या बेहोर्दै आएको छ । तर प्रतिनिधिसभा निर्वाचनपछि एकल बहुमतको सरकार बन्ने भएपछि निजी क्षेत्रमा नयाँ आशा र उत्साह बढेको छ । अर्थतन्त्रमा संकट आउँदा लगानी वतावरण विस्तारै खुम्चिँदै गएको थियो । लगानीकर्ता थपिनेभन्दा पलायन भइरहेको अवस्थामा रहेको निजी क्षेत्रले नयाँ सरकारले अर्थतन्त्रलाई ट्र्याकमा ल्याउने नीति बन्नुपर्नेमा जोड दिइरहेको छ ।



### उत्साहित उद्यमी

नयाँ सरकारको नेतृत्वकर्ता दल रास्वपाले देशको आत्मनिर्भर अर्थतन्त्र, रोजगारीदेखि पर्यटन विकासको प्रतिबद्धता आफ्नो घोषणापत्रमा गरेकाले आउँदो पाँच वर्ष नयाँ ढंगले अघि बढ्ने विश्वास निजी क्षेत्रले गरेको छ । नेपाल उद्योग परिसंघ (सिएनआई)का अध्यक्ष वीरेन्द्रराज पाण्डेले नयाँ सरकारबाट निजी क्षेत्रका समस्या र मुद्दामा धेरै काम हुने अपेक्षा उद्यमी व्यवसायीले गरेको बताउँछन् । उनले भने, 'नयाँ सरकारलाई निजी क्षेत्रले अर्थतन्त्रमा गर्नुपर्ने र गर्न सकिने कामको सुझाव दिन्छ । आर्थिक विकासमा काम गर्न धेरै ढिलासमेत भएको छ, सबै मिलेर काम गर्नुपर्छ ।'

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल जनताले र निजी क्षेत्रले चाहेको राजनीतिक स्थायित्व आएको बताउँछन् । उनले भने, 'राजनीतिक स्थायित्व हुनेबित्तिकै अर्थनीतिमा स्थायित्वता आउँछ र पाँच वर्ष एउटै सरकारले राम्रोसँग काम गरे अर्थतन्त्रले गति लिन्छ । अहिले बन्ने लागेको रास्वपाको घोषणापत्रअनुसार काम सुरु गर्ने हो भने लगानीमैत्री वातावरण बन्छ ।'

एकल सरकार बन्ने भएपछि लगानीमैत्री वातावरण निर्माण हुने क्रममा आवश्यक ऐन कानुनको परिमार्जन, नीति-नियमको संशोधन तथा अन्य अनावश्यक अवरोधहरू समेत हट्ने उनले बताए । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकाल नयाँ बन्ने सरकार आर्थिक समृद्धि र रोजगारी सिर्जनातर्फ केन्द्रित हुनुपर्नेमा जोड दिन्छन् । उनले भने, ' नयाँ निर्वाचित दलले आर्थिक समृद्धिको बाटोमा देशलाई लैजान्छ भन्ने भरोसा निजी क्षेत्रले अहिलेसम्म गरेका छन् ।' नयाँ संसद्मा युवा पुस्ताको बाहुल्य देखिएकाले पनि व्यवसायी उत्साही छन् । अर्थतन्त्रको सिथिलता अन्त्य गर्दै सुशासन कायम गरी भ्रष्टाचार निवारणमा समेत सरकारले काम गर्नुपर्ने माग व्यवसायीको छ ।

उद्योगी शशिकान्त अग्रवालले राजनीतिक स्थिरता र आर्थिक सुधार नयाँ आउने सरकारको पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँछन् । ' म्युजिकल चेयरजस्तै महिनापिच्छे मन्त्री र प्रधानमन्त्री परिवर्तन हुँदा मुलुकको सबै क्षेत्र बिरामी, सबै क्षेत्र समस्याग्रस्त छन्,' उनले भने, 'अब बन्ने सरकारले देशको स्वामित्व लिएर नीतिगत स्थिरता प्रदान गर्ने विश्वास छ ।'

रास्वपाले आगामी पाँच वर्षका लागि सरकार बनाउँदै छ । यो बीचमा सरकार परिवर्तनको खेल बन्द हुने भएकाले पनि मुलुकले आर्थिक गति लिनसक्ने निजी क्षेत्रको बुझाइ छ । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८० प्रतिशत छ ।

### बलिया छन् अर्थतन्त्रका सूचक

माघ महिनासम्मको तथ्यांकले नेपालको अर्थतन्त्रको बाह्य सूचक बलियो रहेको देखाउँछ । नेपालको विदेशी सञ्चिति बढिरहेको छ । विदेशी मुद्रा सञ्चिति ३३ खर्ब २ अर्ब ६६ करोड रुपैयाँ छ । सरकारको खातामा आर्थिक वर्ष २०८२/८३को माघ मसान्तसम्म ३ खर्ब ७३ अर्ब रुपैयाँ नगद छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्म चालु खाता ४ खर्ब ९३ अर्ब ७८ करोडले बचतमा छ । यो वर्षको सात महिनामा रेमिट्यान्स १२ खर्ब ६१ अर्ब १ करोड नेपाल आएको छ । नयाँ सरकारले अर्थतन्त्र सहज अवस्थामा नेतृत्व गर्दै छ । अब स्थिर सरकारले सुरुवातबाट लगानीकर्ताको मनोबल उच्च राख्ने हो भने पाँच वर्षमै मुलुकले नयाँ मोड लिनसक्ने अर्थविद्हरू टिप्पणी गर्छन् । निर्वाचनअघि रास्वपाले आर्थिक सुधारको मुद्दालाई प्रमुख प्राथामिकतामा राखेको छ । लगानीमैत्री वातावरण, ' डिजिटल' अर्थतन्त्र, विकासको गतिमा सुधारजस्ता एजेन्डाले देशको गति बढ्ने अपेक्षा लगानीकर्ताको समेत छ । आर्थिक समृद्धि तथा उत्पादकत्वमा वृद्धि, पुँजी र साधनस्रोतको उपयोग, रोजगारी सिर्जना, वस्तु तथा सेवाको आपूर्ति, राजस्व योगदान र लगानीयोग्य पुँजी प्रवाहमा काम गर्ने घोषणापत्रमा उल्लेख छ । आर्थिक विकासका बाधक दुई दर्जन ऐन खारेज, पाँचदेखि सात वर्षभित्रै प्रतिव्यक्ति आय तीन हजार डलर र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुऱ्याउने लक्ष्य वाचापत्रमा छ । पाँच वर्षमा आर्थिक वृद्धिदर वार्षिक सात प्रतिशत, स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्न एकद्वार प्रणाली कार्यान्वयन, निःशुल्क व्यवसाय दर्ताजस्ता वाचाप्रति निजी क्षेत्र आशावादी बनेको हो ।

---

**परराष्ट्रको...**

विवरण संकलन गर्ने कार्य भइरहेको विभागकी महानिर्देशक दुरपदा सापकोटाले जानकारी दिइन् । पश्चिम एसियामा रहेका नेपाली नागरिकको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि मन्त्रालय र त्यहाँस्थित नेपाली नियोग निरन्तर सक्रिय रहेको परराष्ट्र मन्त्रालयलका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताएका छन् ।

परराष्ट्रसचिव अमृतबहादुर राईको संयोजकत्वमा गठित ' इमर्जेन्सी रेस्पोन्स टिम'को बुधबार सम्पन्न दोस्रो बैठकको निर्णयअनुसार समस्यामा परेका नेपालीसँग इमेल, फोन वा अन्य उपयुक्त माध्यमबाट सम्पर्क गर्न, मनोबल बढाउन र उनीहरूको प्रतिक्रिया लिएर प्रतिवेदन बुझाउन पश्चिम एसियास्थित सबै नियोगलाई निर्देशन दिइएको छ । पश्चिम एसिया क्षेत्रमा रहेका नेपाली नागरिकलाई संयमित, सचेत र सजग रहन, कानुनविपरीत कुनै किसिमका फोटो, भिडियो तथा अडियो सामग्री रेकर्ड गर्ने र आदानप्रदान गर्ने कार्य नगर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ । यसैबीच परराष्ट्रसचिव राईको संयोजकत्वमा गठित आपत्कालीन प्रतिकार्य टोलीको दोस्रो बैठकमा पश्चिम एसियाली मुलुकमा रहेका नेपाली नागरिकको सुरक्षा र हित संरक्षणका खातिर सरकारका तर्फबाट हालसम्म भएका प्रयास तथा प्रगतिबारे समीक्षा भएको थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार बैठकमा नेपालीको सुरक्षा सुनिश्चित गर्न आवश्यक समन्वय र पहललाई निरन्तरता दिने, हवाई उडान सञ्चालनको सम्भावनाबारे अध्ययन गर्ने, नेपालका नियोगसँग सम्पर्कमा आएकाहरूलाई सहयोग गर्नेलगायतका निर्णय भएको छ । अमेरिका र इजरायलले इरानविरुद्ध संयुक्त रूपमा हवाई हमला गरेपछि पश्चिम एसियाली मुलुकमा तनाव बढेको छ । रोजगारीका सिलसिलामा ती मुलुकमा १९ लाख बढी नेपाली रहेका छन् ।

**कुवेत...**

सडकमार्गमार्फत आ-आफ्नो गन्तव्यतर्फ प्रस्थान गर्न सहजीकरण गरेको बताएको छ । हाल मध्यपूर्व क्षेत्रमा देखिएको तनाव र उडान व्यवस्थामा आएको अवरोधका कारण कतिपय यात्रुहरू विभिन्न विमानस्थलमा ट्रान्जिटका रूपमा रोकिएका छन् । दूतावासले ट्रान्जिट वा यात्राका क्रममा समस्या परेमा तत्काल नेपाली दूतावास वा नेपाली नियोगसँग सम्पर्क गर्न नेपाली नागरिकलाई अनुरोध गर्दै यात्रा गर्दा आधिकारिक सूचनालाई मात्र विश्वास गर्न र आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ ।

**इनिशा...**

रिपोर्टमा 'यौन सम्बन्धका लागि जबर्जस्ती करणी गर्दा मृतकको संवेदनशील अंग च्यातिएको र अत्यधिक रक्तश्राव हुँदा मृत्यु भएको हुनसक्ने' उल्लेख छ । रिपोर्टको व्याख्यामा जेनाइटल पार्ट (संवेदनशील अंग)हरूमा चोटपटक लागेको भनिएको छ । यौनांगभित्रको हाइमनदेखि पाठेघरसम्ममा चोट लागेका कारण अत्यधिक रक्तश्राव भएको देखिएको छ । उक्त रिपोर्टलाई पुष्टि गर्दै जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख सुधीरराज शाहीले मध्यान्हलाई भने, '१६ वर्षीय किशोरले जबर्जस्ती करणी गरेर यौन सम्बन्ध स्थापित गरेको हुन सक्ने र करणीपछि नै विकको 'जेनाइटल पार्ट'हरूमा चोटपटक लाग्नेदेखि रगत धेरै बग्दा मृत्यु भएको देखिन्छ ।'

शव नउठ्नुको कारणबारे उनले भने, 'घटनाका आरोपीलाई हामीले पक्राउ गरिसकेका छौं, निष्पक्ष छानबिन भइरहेको छ । मृतक बालिकाका परिवारले सल्लाह गर्दै हुनुहुन्छ होला, अनि लग्नुहुन्छ ।' पक्राउ परेकाहरूमाथि जबर्जस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक शाहीले बताए ।

**अभियुक्त पनि नाबालक**

जबर्जस्ती करणी गर्ने अभियुक्त पनि नाबालक भएकै कारण प्रहरीले उनको नाम सार्वजनिक गरेको छैन । प्रहरीको अनुसन्धानमा प्रश्न उठाउँदै चौतर्फी विरोध भइरहेको छ । अभियुक्त किशोरले पनि विक आफ्नो प्रेमिका भएको बयान दिएका छन् । प्रहरीका अनुसार, उनले सहमतिमै यौन सम्बन्ध राखिएको बयान दिएका छन् । यौन सम्बन्धका बेला अत्यधिक रगत बग्यो, केटी बेहोस भएको र रगत देखिइसकेपछि आफू आत्तिएर साथीहरु बोलाएको उनले बताएका छन् । त्यसपछि उनले इनिशालाई तानेर लगभग साढे दुई मिटरजति पर लगेर समथर ठाउँमा राखेको शाहीले बताए । 'त्यसपछि त्यहीँ सुताएर अरूलाई खबर गर्न गएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ,' उनले भने । किशोर शनिबार नै घटनास्थलबाट पक्राउ परेका थिए । उनीहरू दुवैजना एकै विद्यालयमा पढ्ने साथी भएको प्रहरीले जनाएको छ । पक्राउ परेका चारैजना १८ वर्षमुनिका हुन् । प्रहरीका अनुसार फागुन २४ गते अरू तीनजनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको छ ।

**सिआइबीले अनुसन्धान गर्ने**

बलात्कारपछि हत्या भएकी १६ वर्षीया इनिशा विक घटनाको थप अनुसन्धान केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गर्ने भएको छ । प्रहरी निरीक्षकको कमान्डमा ब्युरोको विज्ञ टोली वीरेन्द्रनगर पुगिसकेको छ । सुर्खेत प्रहरी प्रमुख शाहीले भने, ' हामीले घटनाको थप अनुसन्धानका लागि सिआइबीसँग सहयोग मागेका थियौं । सुर्खेत प्रहरीले पहिलो चरणको सम्पूर्ण अनुसन्धान जिल्लाबाटै सकेको र आजदेखि सिआइबीको टोलीले थप अनुसन्धान थाल्छ ।'

उनका अनुसार, फरेन्सिक ल्याबमा पीडित र पीडक दुवैका परिवारको मोबाइललगायत विद्युतीय सामग्री अनुसन्धानका लागि पठाइएको छ । त्यसको रिपोर्ट आइसकेको छैन । केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टक्सिकोजिकल, बायोसेरोलोजिकल परीक्षणका लागि पठाइएको उनले बताए । 'पोलियाग्राफीले मानिसले झुटो बोलेको पत्ता लगाउनेछ, प्रहरीले मृत्युको कारण पत्ता लगाउन घटनास्थलको सम्पूर्ण प्रमाणहरू प्रयोगशालामा पठाएको छ,' उनले भने ।

**कसरी भयो घटना ?**

गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भएकी इनिशा वीरेन्द्रनगर नगरपालिका-१ मा परिवारका साथ बस्दै आएकी थिइन् । उनी सुर्खेतको वीरेन्द्रनगरमा रहेको उषा बालबाटिका विद्यालयमा कक्षा ११मा पढ्थिन् । गुर्भाकोट नगरपालिका-६ स्थायी घर भए पनि उनी अहिले आमा र भाइसँग वीरेन्द्रनगरमै बस्दै आएकी थिइन् । बुवा भने रोजगारीका लागि दुबईमा थिए । उनी पनि बुधबार बिहान घर आएका छन् । 'ट्युसन पढ्न जान्छु' भनेर बिहान घरबाट निस्किएकी इनिशा केही घन्टापछि वीरेन्द्रनगर नगरपालिका-४को उत्तरतर्फ पर्ने जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा भेटिएकी थिइन् । प्रहरीले उनलाई प्रदेश अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । इनिशाका परिवार तथा आफन्तहरूले सामूहिक हत्या भएको भन्दै न्यायको माग गरेका छन् ।

**१०४३ नाबालक सुधारगृहमा**

देशभर नौवटा सुधारगृहमा एक हजार ४३ जना नाबालक राखिएको छ । विभिन्न आपराधिक घटनामा संलग्न भएको आरोपमा सुधारगृहमा राखिएकामध्ये अधिकांश नाबालक रहेको कारागार व्यवस्थापन विभागका सूचना अधिकारी बालकृष्ण कटवालले जानकारी दिए । 'सामान्य घटनामा संलग्न भएका नाबालकलाई सम्झाई-बुझाई अभिभावकको जिम्मा लगाउँछौं,' उनले भने, 'ठूला आपराधिक घटनामा संलग्नहरूलाई सुधारगृहमा पठाउँछौं ।'

अझै पनि बाल सुधारगृहमा २५ वर्षसम्मका रहेको उनले बताए । 'नाबालकमा अपराध गरेको र नाबालक उमेर कटेपछि अदालतको आदेशअनुसार सजाय तोकिएको हुन्छ,' उनले भने, 'सोहीअनुसार सजाय भुक्तान गर्नुपर्छ ।' बाल सुधार गृहमा रहेका अधिकांश जबरजस्ती करणी, हत्यालगायतमा संलग्न रहेको उनले बताए ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/११/२७ गते राती अन्दाजी १०:२५ बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १५ दमैटोलबाट मधेश प्रदेश ०३-०३४ प ९०८३ नम्बरको कालो र रातो रङको 150 पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनीः कयामोदिन अन्सारी**
**च्यासिस नं.: MD2A11CX9RPE60274**
**इन्जीन नं.: DHXPRE24934**
**सम्पर्क : ९८०१०१४८३२**

**बैतेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पाँडुडाँडा, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२९, (13th March, 2026)**

यस कार्यालयको तपसिल बमोजिमको निर्माण कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralize egp portal www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१) बोलपत्र सम्बन्धी अन्य शर्तहरु र विस्तृत सूचना www.bolpatra.gov.np/egp को Bid Document र www.baiteshwormun.gov.np मा हेर्न सकिने छ ।
२) बोलपत्र फारम दाखिला अवधि सूचना प्रकाशन मितिले ३१ औं दिन (२०८२ चैत्र २९) दिनको १२ बजे भित्र र सोहि दिन (२०८२ चैत्र २९) दिनको १ बजे बोलपत्र खोलिनेछ । साथै २०८२ चैत्र १७ गते ११:०० बजे यस कार्यालयमा प्रि-बिड बैठक हुनेछ ।
३) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।
४) विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

| ठेक्का नं | कामको विवरण | लागत अनुमान रकम रु. (PS तथा मु.अ.क. सहित) | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| BRM/NCB/Works-Bldg /07/2082/083 | Namdu Swasthya Chauki Bhawan Wada No.6 | ४९,१४,८३४।९७ | १,२५,०००।- | ३,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**Palungtar Municipality**
**Office of the Municipal, Executive**
**Palungtar, Gorkha**
**Gandaki Province, Nepal**

**Invitation for Bid**
**(Electronic Bid only)**

**Date of Publication: 13/03/2026 (29th Falgun 2082)**

1. Palungtar Municipality, invites bids from national eligible bidders for Item rate Contract of following works:

| Contract Identification Number | Description and Location of works | Bid Document Fee (NRs) | Estimate Amount With out VAT (NRs.) | Bid Security Amount (NRs) | Bid Security Validity Period (days from the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| PMUN/NCB/ WORKS/2082/83-21 | Construction Of Tribeni Secondary School Building, Palungtar-09, Gorkha | 3,000.00 | 55,29,008.73 | 1,65,000.00 | 90 | |
| PMUN/NCB/ WORKS/2082/83-22 | Construction Of Madane Danda Secondary School Building, Palungtar-09, Gorkha | 3,000.00 | 55,29,014.55 | 1,65,000.00 | 90 | |

2. Purchase, Submission and Opening:

| S. N | Purchase of Bid (Last Date/Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1. | 12-04-2026 | 12:00 | 12-04-2026 | 12:00 | 12-04-2026 | 13:00 | PMUN/NCB/ WORKS/2082/83-21 & 22 |

| Name of Office | Bank | Deposit Account No: (Bid Security Amount) | Revenue Account No: (Bid Document Fee) |
|---|---|---|---|
| Palungtar Municipality, Palungtar, Gorkha | Agriculture Development Bank Ltd, Palungtar, Gorkha | 0317700959532017 | 0317700959532025 |

3 Tender Procedures shall follow Public Procurement Act 2063 and Public Procurement Rules 2064
4 Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of 'A' class Bank Bid guarantee in the following Account within the date and time specified above.
5 A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6 Any amendment in the notice or bid documents will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np/egp) and website of Palungtar Municipality .
7 The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

**सिरीजङ्घा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्रशासन शाखा**
**तेल्लोक, ताप्लेजुङ**
**कोशी प्रदेश, नेपाल**
**सूचना नं. ७५ /२०८२/०८३**

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२९**

यस सिरीजङ्घा गाउँपालिकाको तपसिल बमोजिमको आवश्यक पदहरुका लागी खुल्ला प्रतिस्पर्धात्मक परीक्षाद्धारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न यस गाउँ कार्यपालिकाको मिति २०८२।११।०२ गतेको निर्णयानुसार आव्हान गरिएको छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद/समूह | संख्या | न्यूनतम सेवा सुविधा | दरखास्त पेश गर्ने अवधि | कार्य गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|
| १०/०८२/०८३ | स्टाफ नर्स (जनरल नर्सिङ) | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलव स्केल | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात)दिन भित्र | कार्यालयले तोके अनुसार |
| ११/०८२/०८३ | अ.हे.व. (हेल्थ इन्स्पेक्सन) | १ (एक) | सहायकस्तर चौथो तहको शुरु तलव स्केल र थप रु.५०,०००।- प्रोत्साहन रकम (चैत्र देखी जेष्ठ सम्म र मंसिर देखी फाल्गुन सम्म) | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात) दिन भित्र | वडा नं ८ स्थित चैराम हेल्थ डेक्स |
| १२/०८२/०८३ | अ.न.मी. (नर्सिङ) | ७ (सात) | सहायकस्तर चौथो तहको शुरु तलव स्केल | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात) दिन भित्र | कार्यालयले तोके अनुसार |

**१.स्टाफ नर्स, अ.हे.व. र अ.न.मी. पदको लागि आवश्यक न्युनतम योग्यताः**
दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट लोकसेवा आयोगले निधारण गरेको न्युनतम शैक्षिक योग्यता प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको ।
भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी वर्खास्त नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहराएको । प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको ।

**२.दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरुः**
नेपाली नागरिकता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी ।
हालसालै खिचेको पासपोर्ट साईजको ४ प्रति फोटो ।

**३. परीक्षा शुल्कः**
स्टाफ नर्स पदको लागी परीक्षा दस्तुर रु ७००।- (अक्षरुपी सात सय मात्र) तथा अ.हे.व. र अ.न.मी. पदको लागी परीक्षा दस्तुर रु ५००।- (अक्षरुपी पाँच सय मात्र)

**४. परिक्षाको किसिमः**
सिरीजङ्घा गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था अनुसार उम्मेद्वार छनौट गरिनेछ ।

**द्रष्टव्यः** दरखास्त फाराम यस गाउँपालिकाको वेवसाईट www.sirijanghamun.gov.np वाट डाउनलोड गरी राजश्व तिरेको भौचर सहित इमेल (sirijangharuralmunicipality@gmail.com) मार्फत पठाउन सकिनेछ । थप जानकारीको लागी यस कार्यालयको सूचना अधिकारी श्री संजिव सिंह (९८६२००६२३७) सँग वुझ्न सकिनेछ । आवेदन फाराम वुझाउने म्याद नाघे पश्चात अन्तरवार्ताको मिति प्रकाशित गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com

२९ फागुन २०८२ शुक्रबार
13 March 2026 Friday

## सम्पादकीय

# कार्यकाल पूरा नगरी चुनाव लड्न रोक

प्रतिनिधिसभा निर्वाचनले संघीय संसद्लाई पूर्णता दिए पनि प्रदेश र स्थानीय तहका धेरै पद खाली भएका छन् । खासगरी कार्यकाल पूरा नगरेरै जनप्रतिनिधिहरू प्रतिनिधिसभा सदस्य निर्वाचन लड्न गएपछि ३० भन्दा धेरै पद रिक्त हुन पुगेका हुन् । यसको असर तत्कालका लागि स्थानीय तह वा प्रदेशसभामा पर्ने मात्र होइन कानुनतः उपनिर्वाचनको खर्च भार बढाउने देखिन्छ ।

नेपालमा अहिले तीन तहको संघीय शासन व्यवस्था छ– संघ, प्रदेश र स्थानीय तह । यी तीनै तहका जनप्रतिनिधिले जनताबाट मत लिएर सेवा गर्ने जिम्मेवारी पाएका हुन्छन् । तर पछिल्ला वर्षहरूमा देखिएको कार्यकाल नसकिँदै पद छाडेर अर्को चुनाव लड्ने प्रवृत्तिले लोकतान्त्रिक मूल्य र जनविश्वासलाई कमजोर बनाइरहेको छ । २०७९ वैशाखको स्थानीय तह निर्वाचन र सोही वर्ष मंसिरको प्रदेशसभा निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू बीचैमा राजीनामा दिएर प्रतिनिधिसभा सदस्य चुनाव लडेका हुन् । तीमध्ये काठमाडौं महानगरका मेयर बालेन्द्र शाह र धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङलगायत केहीबाहेक अधिकांशले चुनाव हारे । स्थानीय सरकार प्रमुख/उपप्रमुख वा प्रदेशसभा सदस्य पद भने खाली हुन पुगे । यसरी पद रिक्त हुँदा जनताले पाएको प्रतिनिधित्व कमजोर मात्र भएको छैन, जनतासँग गरिएको प्रतिबद्धतामा धोका भएको छ ।

स्थानीय तह निर्वाचन ऐनअनुसार एक वर्षभन्दा बढी कार्यकाल बाँकी रहँदै पद रिक्त भएमा उपनिर्वाचन गर्नुपर्छ । यसले जनप्रतिनिधिको अतिरिक्त महत्वाकांक्षाले उपनिर्वाचनको खर्चको भार थपिने अवस्था आएको छ । उपनिर्वाचन गराउँदा राज्यको ठूलो रकम खर्च हुन्छ । अहिले १७ स्थानीय तहका पदाधिकारी चुनावमा गएका कारण रिक्तता सिर्जना भएको छ भने प्रदेशसभातर्फ पनि १३ जना राजीनामा दिएर संघीय संसद्को उम्मेदवार बनेका थिए । यी सबै पदमा उपनिर्वाचनको सम्भावना छ, जसबारे निर्णय गर्न सरकार र निर्वाचन आयोगबीच छलफल हुन बाँकी छ । यो प्रवृत्तिले निर्वाचनसम्बन्धी कानुनमा सुधारको खाँचो भने देखिएको छ । जनतासँग एउटा पदका लागि मत मागेर जितिसकेपछि प्रतिनिधिले पूरा कार्यकाल सेवा गर्नुपर्छ भन्ने नैतिक र कानुनी दायित्व हुनुपर्छ । त्यसैले कार्यकाल पूरा नगरी अर्को चुनाव लड्न नपाउने व्यवस्था कानुनमै गर्नुपर्छ । यसले जनप्रतिनिधिलाई जिम्मेवार बनाउनेछ, उनीहरूप्रतिको जनविश्वास जोगाउनेछ र अनावश्यक उपनिर्वाचनको खर्चसमेत घटाउनेछ । चुनावी विकृति घटाउन निर्वाचन कानुनमा सुधार गर्न अब ढिलाइ गर्नुहुन्न ।

# स्थिर शासनको खोजी

*दीर्घकालीन राजनीतिक स्थिरताका लागि राजनीतिक नेतृत्वबीच सहकार्य र सहमतिको संस्कृति अत्यावश्यक हुन्छ । राष्ट्रिय प्राथमिकतामा साझा दृष्टिकोण विकास नगरी स्थिर शासन सम्भव हुँदैन ।*

अग्रलेख



● कमलराज अधिकारी

नेपालले विगत सात दशकभन्दा बढी अवधिमा गहिरा राजनीतिक परिवर्तनहरूको अनुभव गरेको छ। २००७ सालको राजनीतिक परिवर्तनदेखि २०७२ सालको संविधान निर्माणसम्म आइपुग्दा देशले सक्रिय राजतन्त्र, संवैधानिक राजतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रजस्ता फरक-फरक शासन संरचनाहरूको अभ्यास गर्‍यो । यस क्रममा पञ्चायती व्यवस्था, बहुदलीय लोकतन्त्र र संघीय प्रणालीजस्ता विभिन्न राजनीतिक ढाँचाहरू प्रयोगमा आए । शान्ति प्रक्रियाबाट संविधान निर्माणसम्म पुगेको करिब दुई दशक लामो राजनीतिक संक्रमणले नेपालको शासन संरचनालाई नयाँ संवैधानिक आधार दिएको छ । तर, यति धेरै परिवर्तनपछि पनि अपेक्षित राजनीतिक स्थिरता, संस्थागत मजबुती र दीर्घकालीन नीतिगत निरन्तरता पूर्ण रूपमा स्थापित हुन सकेको देखिँदैन ।

संविधानसभाका दुई निर्वाचन र त्यसपछिका आमनिर्वाचनले नेपालको राजनीतिक शक्ति संरचनालाई स्पष्ट रूपमा परिभाषित गरेका छन् । यी निर्वाचनले पुराना स्थापित दल, नयाँ राजनीतिक शक्ति र पछिल्ला समय उदाएका वैकल्पिक राजनीतिक समूहहरूको उपस्थिति र प्रभावलाई संस्थागत रूप दिएका छन् । न्यायपालिकाका केही महत्वपूर्ण निर्णयले पनि राजनीतिक प्रक्रिया र शासन संरचनामा प्रत्यक्ष प्रभाव पारेका छन् । तर, यस्ता व्यापक राजनीतिक परिवर्तन र संस्थागत अभ्यासका बाबजुद नेपालको समग्र राजनीतिक तथा संस्थागत मूल्यांकन अझै पर्याप्त रूपमा हुन सकेको छैन । यसले संरचनागत परिवर्तन र लोकतान्त्रिक अभ्यासबीच अझै दूरी रहेको संकेत गर्छ ।

आज नेपालले सामना गरिरहेका चुनौतीहरू केवल दलगत प्रतिस्पर्धा वा सरकार परिवर्तनमा सीमित छैनन् । यी चुनौती राष्ट्रिय प्राथमिकता निर्धारण, संस्थागत क्षमता, भूराजनीतिक अवस्थिति र नागरिकको विश्वाससँग गहिरो रूपमा जोडिएका छन् । दीर्घकालीन राजनीतिक स्थिरता, आर्थिक प्रणालीको सुदृढीकरण, सामाजिक सद्भावको संरक्षण, सन्तुलित परराष्ट्र नीति र कृषि क्षेत्रको रूपान्तरण अहिलेका प्रमुख राष्ट्रिय आवश्यकता बनेका छन् । तर, व्यवहारमा यी प्राथमिकतालाई प्रभावकारी रूपमा अघि बढाउन विभिन्न संरचनात्मक अवरोध देखिन्छन् ।

नेपालको राजनीतिक निर्णय प्रक्रियामा कहिलेकाहीँ दीर्घकालीन रणनीतिक सोचभन्दा तत्कालीन राजनीतिक लाभलाई प्राथमिकता दिने प्रवृत्ति देखिन्छ । यसले नीति निर्माणमा निरन्तरता कमजोर बनाउने जोखिम पैदा गर्छ । सरकार परिवर्तनसँगै नीति परिवर्तन हुने अभ्यासले दीर्घकालीन योजनाहरूको प्रभावकारी कार्यान्वयनलाई कठिन बनाएको छ । यसले राज्यप्रति जनविश्वास घट्ने वातावरण पनि सिर्जना गरेको छ । राज्यका संस्थाहरूले अपेक्षित परिणाम दिन नसक्दा नागरिकमा निराशा र अविश्वास बढ्दै गएको देखिन्छ ।

यसैसँगै राजनीतिक दलहरूको आन्तरिक संरचनामा पनि चुनौतीहरू देखिन्छन् । धेरै दलमा आन्तरिक लोकतन्त्र, नेतृत्व परिवर्तन र पारदर्शिताको कमीबारे प्रश्न उठिरहेका छन् । जब राजनीतिक दलहरू स्वयं लोकतान्त्रिक अभ्यासमा कमजोर देखिन्छन्, तब तिनको विश्वसनीयता पनि घट्ने खतरा हुन्छ । अर्को महत्वपूर्ण समस्या राज्यका संस्थामा बढ्दो दलीय प्रभाव हो । प्रशासनिक संरचनादेखि सार्वजनिक संस्थासम्म राजनीतिक प्रभाव बढ्दा निर्णय प्रक्रियाको निष्पक्षता प्रभावित हुन सक्छ ।

राजनीतिक भ्रष्टाचार पनि शासन प्रणालीको विश्वसनीयतामा गम्भीर चुनौतीका रूपमा उभिएको छ । सार्वजनिक स्रोतको पारदर्शी र उत्तरदायी प्रयोग सुनिश्चित गर्न नसक्दा नागरिकको विश्वास कमजोर बन्ने जोखिम बढ्छ । यस्तै, परराष्ट्र नीतिमा पनि कहिलेकाहीँ दलगत दृष्टिकोण हावी हुने अवस्था देखिन्छ । राष्ट्रिय सहमति र दीर्घकालीन रणनीतिक सोचभन्दा राजनीतिक प्रतिस्पर्धाको प्रभावमा परराष्ट्र नीति सञ्चालन हुँदा राष्ट्रिय हित कमजोर हुन सक्छ । नेपालको भूराजनीतिक अवस्थिति पनि अत्यन्त महत्वपूर्ण रणनीतिक पक्ष हो । दुई ठूला शक्ति राष्ट्र भारत र चीनबीच अवस्थित नेपालले सधैँ सन्तुलित कूटनीतिक सम्बन्ध कायम राख्नुपर्ने चुनौती सामना गर्दै आएको छ । यी दुई छिमेकी देशका आर्थिक, राजनीतिक र सुरक्षा हितहरूले नेपालको नीति निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहन्छ । तर, यही अवस्थिति नेपालका लागि अवसर पनि बन्न सक्छ । यदि रणनीतिक दृष्टिकोणबाट व्यवस्थापन गर्न सकियो भने क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत नेपालले महत्वपूर्ण लाभ लिन सक्छ ।




विश्वका अन्य देशहरूको अनुभवले पनि राजनीतिक स्थिरता र संस्थागत विकासका लागि स्पष्ट दीर्घकालीन रणनीति आवश्यक हुन्छ भन्ने देखाउँछ । उदाहरणका लागि दक्षिण कोरियाले सन् १९८०को दशकपछि लोकतान्त्रिक सुधारलाई संस्थागत बनाउँदै आर्थिक विकाससँग जोड्न सफल भयो । त्यस्तै, सिंगापुरले सुशासन, दीर्घकालीन योजना र संस्थागत दक्षताको आधारमा सानो देश भएर पनि उल्लेखनीय आर्थिक प्रगति हासिल गरेको छ । जर्मनीमा संघीय संरचना र बलियो संस्थागत प्रणालीले राजनीतिक स्थिरता कायम राख्न महत्वपूर्ण भूमिका खेलेको छ । यी उदाहरणहरूले राजनीतिक संरचना मात्र होइन, त्यसलाई सञ्चालन गर्ने संस्थागत क्षमता र नीति निरन्तरताको महत्व पनि स्पष्ट गर्छन् ।

नेपालको सन्दर्भमा पनि संस्थागत क्षमता सुदृढीकरण अत्यन्त महत्वपूर्ण पक्ष हो । राज्यका संवैधानिक तथा प्रशासनिक संस्थाहरू सक्षम, व्यावसायिक र उत्तरदायी बन्न सकेनन् भने नीति निर्माण र कार्यान्वयन प्रभावकारी हुन सक्दैन । यसका लागि संविधान, कानुन र संस्थागत संरचनालाई समयानुकूल समीक्षा गर्ने बहस आवश्यक हुन सक्छ । संसद्मा प्रतिनिधित्वको आकार, प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वबीचको सन्तुलन र सरकार गठनको प्रणालीबारे पनि खुला बहस हुन सक्छ ।

यससँगै निर्वाचन प्रणालीलाई थप समावेशी बनाउने विषय पनि महत्वपूर्ण छ । विदेशमा रहेका लाखौं नेपाली नागरिक अहिले मतदान प्रक्रियाबाट बाहिर छन् । उनीहरूले विप्रेषणमार्फत राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुर्‍याइरहेका छन् । प्रविधि र कूटनीतिक संयन्त्रमार्फत उनीहरूको मताधिकार सुनिश्चित गर्न सकियो भने लोकतान्त्रिक सहभागिता अझ सुदृढ बन्न सक्छ । डिजिटलीकरण पनि राज्य व्यवस्थापन सुधारको महत्वपूर्ण माध्यम बन्न सक्छ । नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता अभिलेख र सार्वजनिक सेवा प्रणालीलाई डिजिटल रूपमा एकीकृत गर्न सकियो भने राज्य र नागरिकबीचको सम्बन्ध अझ प्रभावकारी बन्न सक्छ । यसले पारदर्शिता, पहुँच र संस्थागत दक्षता बढाउन मद्दत पुर्‍याउँछ ।

संवैधानिक निकायहरूको नियुक्ति प्रणाली पनि सुधारको महत्वपूर्ण क्षेत्र हो । अख्तियार, निर्वाचन आयोग वा लोकसेवा आयोगजस्ता संस्थाहरूमा नियुक्ति गर्दा राजनीतिक निष्ठाभन्दा पेसागत दक्षता र संस्थागत विश्वसनीयतालाई प्राथमिकता दिन आवश्यक हुन्छ । यदि यी संस्था स्वतन्त्र र पेसागत रूपमा सक्षम भएनन् भने लोकतान्त्रिक शासन प्रणालीको सन्तुलन कमजोर हुन सक्छ ।

दीर्घकालीन राजनीतिक स्थिरताका लागि राजनीतिक नेतृत्वबीच सहकार्य र सहमतिको संस्कृति पनि अत्यावश्यक हुन्छ । राष्ट्रिय प्राथमिकतामा साझा दृष्टिकोण विकास नगरी स्थिर शासन सम्भव हुँदैन । राजनीतिक दलहरूले आन्तरिक सुधार, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकता दिनुपर्छ । नेपालको अन्तर्राष्ट्रिय विश्वसनीयता पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । स्पष्ट, सन्तुलित र राष्ट्रिय हितमा आधारित परराष्ट्र नीतिले मात्र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिष्ठा बलियो बनाउन सक्छ । बहुपक्षीय कूटनीति, क्षेत्रीय सहकार्य र सक्रिय असंलग्नताको सिद्धान्तले नेपाललाई बदलिँदो अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धाबीच आफ्नो रणनीतिक स्वायत्तता कायम राख्न मद्दत गर्न सक्छ ।

*दीर्घकालीन रणनीतिक सोच, सुदृढ संस्थागत क्षमता र सन्तुलित कूटनीतिक दृष्टिकोणका आधारमा निर्णय लिन सकियो भने नेपालले आफ्नो भूराजनीतिक अवस्थिति र राष्ट्रिय स्रोतलाई अवसरमा रूपान्तरण गर्न सक्छ ।*

| Supply, Delivery and Installation of Hospital medical equipments. (DHS/GOODS/02/082/083) | 90 Days after bid opening | 30 days beyond Bid Validity Period | 2026-04-12, 12:00 Hrs. | 2026-04-12, 13:00 Hrs. | Electronic Bid |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of District Hospital, Sankhuwasabha, 029562187/9852032188 or sankhuwasabha.hosp@gmail.com / may visit District Hospital, Sankhuwasabha or or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha
   Name of Office: District Hospital, Sankhuwasabha
   Dharauti Khata Number: 2080100202030000
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Medical Superintendent**

## ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
## मलेसियामा शुन्य लागतको रोजगारी !!!

**No Recruitment Fees & Cost**: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि) ,रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ।)

### A. Employer's Information (रोजगारदाताको विवरण)

Name : G-Shank Enterprise (M) Sdn. Bhd. — Address : Penang, Malaysia
नाम : जी-शांक इन्टरप्राइज (एम) एसडीएन. बिएचडी. — ठेगाना : पेनाङ, मलेसिया

**Short description about Company (कम्पनीको बारेमा छोटो जानकारी)**

G-SHANK is one of the largest companies dedicated to precision stampings in Asia, G-SHANK is driven to provide the highest quality one stop advanced precision metal stamping & plastic molding service worldwide; constantly engineering solutions to fit our partners' diverse needs since 1973.
जी-शांकएशियामा प्रिसिजन स्ट्याम्पिङ क्षेत्रमा समर्पित सबैभन्दा ठूला कम्पनीहरू मध्ये एक हो। जी-शांक विश्वभर उच्च गुणस्तरको वन-स्टप उन्नत प्रिसिजन मेटल स्ट्याम्पिङ तथा प्लास्टिक मोल्डिङ सेवाप्रदान गर्न प्रतिबद्ध छ । सन् १९७३ देखि कम्पनीले आफ्ना साझेदारहरूको विविध आवश्यकता अनुसार समाधानहरू निरन्तर रूपमा इन्जिनियरिङ गर्दै आइरहेको छ।

**Pre-Approval Details (पूर्व-स्वीकृतिको विवरण):**

| Pre Approval Date: | 2026/03/11 | Consignment No.: | 60253320 | L.T. No.: 339833 |
|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०८२/११/२७ | चलानी नं.: | ६०२५३३२० | एल टी नं.: ३३९८३३ |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने र यातायात सुबिधा Accomodation & Transportation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Factory Worker कारखाना कामदार | 6 ६ | 0 0 | Able to read, Write & Speak English अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्ने | 1700 १७०० | 63,801 ६३,८०१ | As per the company rule कम्पनीको नियम अनुसार | 7.5 hours ७.५ घण्टा | 6 Days ६ दिन | As per the company rule कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees | बिदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने Who Bears Overseas Medical Fees | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic) | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas) | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who Bears Air Fare | भिषा शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Fees | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Stamping Fees | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Pre-Departure Orientation Fees | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Who Bears Welfare Fund Payment | स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले ब्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

### B. Employment Related Information (रोजगारी सम्बन्धी जानकारी)

1. **Nature /Scope of Work (कार्यको प्रकृती/क्षेत्र): Factory Worker (कारखाना कामदार)**
2. **Work Shift (कार्य शत्र)**:- Day Shift (दिवा शत्र)/ Night Shift (रात्रीकालिन शत्र)
3. **Overtime Facility (ओभरटाइम सुविधा):-** The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies. (मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)

**Overtime calculation will be as below: (ओभरटाइमको गणना निम्नानुसार हुनेछ):**
i) **Overtime calculation shall comply with the provisions of Malaysian Labour Law** (ओभरटाइमको गणना मलेसियाको श्रम कानुनका प्रावधान अनुसार गरिनेछ।)

**4. Leave Entitlements & Working Hours (विदा र कार्य घण्टा सम्बन्धी विवरण)**

a. Leave Entitlements (विदा सम्बन्धी विवरण)
- Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
- Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
- Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
- Public Holiday 11 days per year (सार्वजनिक बिदा बर्षको ११ दिन)

b. Key Working Hours Details (कार्य घण्टा सम्बन्धी विवरण)
Under Malaysian Employment Act, 1955, Key Details on Working Hours, which will be implemented (मलेसियाली रोजगार ऐन, १९५५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरू, जुन लागू हुनेछ)
- Weekly Limit: The Maximum of 45 hours (साप्ताहिक सीमा: अधिकतम ४५ घण्टा)
- Rest day: Will get a day off in a week (आराम दिन: हप्तामा एक दिन बिदा पाउने ।)

**All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period.**
**(सबै बिदा अधिकारहरू नियमानुसर पूर्ण रुपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागू हुनेछ ।)**

Workers can return to their home country in the event of an emergency without incurring any penalties.
("आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।")

5. **Medical and Accident Insurance (मेडिकल र दुर्घटना बीमा)**: Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ ।

### C. Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)

**1. Screening Orientation ( छनौट अभिमुखीकरण)**
**The Screening Orientation is scheduled to take place on 13 to 18 March 2026.**
**Employment Registration process will be done through the online process and it will be open for 3- Days starting from 10:00 am to 4:00pm. Only the candidates who have been registered through the online process and shortlisted will be invited for the final interview.**
(छनौट अभिमुखीकरण मिति २९ फागुन देखि ४ चैत २०८२ गतेसम्म कार्यालय परिसरमा हुनेछ ।)
(रोजगार छनोट दर्ता प्रक्रिया अनलाइन माध्यमबाट हुनेछ जुनबिहान १० बजे देखि अपरान्न ४ बजे सम्म ३ दिन को लागि छुट्टाएको छ । अनलाइन प्रकृया मार्फत दर्ता भई छनौट भएका उमेदवारहरुलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि बोलाइने छ।)

**2. Pre-Interview (पूर्व-अन्तर्वार्ता)**
**The pre-interview is scheduled to take place on 19 March 2026 at our office premises in Kathmandu.**
(पूर्व-अन्तर्वार्ता मिति ५ चैत २०८२ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)

**3. Final Interview (अन्तिम-अन्तर्वार्ता)**
**The final interview is scheduled to take place on 20 March 2026 at our office premises in Kathmandu.**
(अन्तिम-अन्तर्वार्ता मिति ६ चैत २०८२ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)

**As the number of applicants may exceed the available quota, we kindly request all interested candidates both inside and outside the Kathmandu Valley to contact Aakarshan in advance through our official communication channels before traveling for the company interview process, in order to avoid any inconvenience.**
**For accurate information, please rely only on Aakarshan's official communication platforms (Facebook, Tik Tok and Website). Kindly do not depend on any unofficial persons or channels, as they may provide incorrect or misleading information.**
(उपलब्ध कोटा भन्दा आवेदकहरूको संख्या बढी हुन सक्ने भएकाले, कम्पनीको अन्तर्वार्ता प्रक्रियाका लागि यात्रा गर्नु अघि, काठमाडौं उपत्यका भित्र तथा बाहिरका सबै इच्छुक उम्मेदवारहरूलाई कुनै असुविधा हुन नदिन कृपया आकर्षणको आधिकारिक सञ्चार माध्यम मार्फत अग्रिम रूपमा आकर्षणसँग सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछौं ।
सही तथा आधिकारिक जानकारीका लागि कृपया आकर्षणका आधिकारिक सञ्चार माध्यमहरू (Facebook, TikTok / Website) मात्र प्रयोग गर्नुहोस् । कृपया कुनै अनौपचारिक व्यक्ति वा माध्यममा निर्भर नगर्नुहोस्, किनकि उनीहरूले गलत वा भ्रामक जानकारी दिन सक्ने सम्भावना हुन्छ । )

### D. Important Information to Applicant (आवेदकलाई महत्वपूर्ण जानकारी)

❖ **Alert Notice: Fraud, Misleading Information, Third-Party Agents (धोकाधडी, भ्रामक जानकारी र एजेन्ट बारे महत्वपूर्ण जानकारी):**
- **No Sub-Agents Allowed (सब-एजेन्ट बिनाको रोजगारी)**: Nepal Government strictly prohibits the use of sub-agents in recruitment process & Aakarshan does not allow it. (नेपाल सरकारले वैदेशिक रोजगारीमा एजेन्टको अनुमति दिदैन र आकर्षणले एजेन्टको प्रयोग पूर्ण रुपमा निषेद गरेको छ ।)
- Aakarshan operates exclusively on a "ZERO COST & FEE- EMPLOYER PAY PRINCIPLE- EPP" recruitment model without branch offices, agents, or intermediaries. Any contrary claims are false and should be reported. (आकर्षणले शुन्य लागतमा रोजगार दाताद्वारा कुल लागतमा पुर्ण रुपमा भुक्तानि गर्ने कार्य प्रणलिमा मात्र काम गर्दछ । यसको कुनै पनि शाखा कार्यालय र एजेन्ट छैन । यदि कुनै गलत कार्य भएको पाईएमा खबर गर्नुहोस ।)

❖ **Loan, Bond, Deposits & Saving Programs (ऋण, तमसुक, नगद जम्मा र बचत कार्यक्रम):**
- Apply directly without using any intermediators (मध्यस्थकर्ता विना नै प्रत्यक्ष रुपमा आवेदन दिनुहोस्)
- Avoid Loans or advance payments to anyone (अग्रिम भुक्तानी वा ऋणमा आवद्द नहुनुहोस्)
- Do not deposit Property, educational certificates, Livestock, jewelry, Phones, or other valuable items for obtaining the employment (यो रोजगारीका लागि तपाईले घरजग्गा, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, घरपालुवा जनावर, गरगहना, फोन र अन्य मुल्यवान बस्तुहरु लिनेदिने गर्न पर्नेछैन।)

❖ **Gift, Bribes & No Conflicts of Interest (उपहार, घूस र स्वार्थकेन्द्रित उदेश्य हुनेछैन):**
- **Gifts (उपहार)**: Candidates and their family members are not required to give or receive any gifts for employment. (उम्मेदवार र उनीहरुको परिवारका सदस्यले रोजगारका निम्ति कुनै किसिमको उपहारहरु कसैलाई दिनु पनेछैन।)
- **Prohibition of Bribes (घूस निषेध)**: Bribery and any means of obtaining undue advantage are strictly prohibited. (घुस र कुनै फाईदा हुने किसिमका कार्य हरुलाई पुर्ण रुपमा निषेध गरिएको छ ।)
- **Conflict of Interest (स्वार्थ केन्द्रित उदेश्य)**: No decision will be made based on conflicts of interest. (स्वार्थ केन्द्रित आधारमा कुनै निर्णय गरिने छैन।)

❖ **Termination & Early Leave (वर्खास्त र करार अगावै फिर्ती प्रक्रिया):**
- Workers can resign anytime without fees if they give the required notice. (कामदारहरुले अग्रिम सूचना दिई कुनै पनि समयमा राजीनामा गर्न सक्नेछन् जसवापत कुनै पनि कटौती हुनेछैन।)
- Employers must ensure no wage deductions or retaliation for proper resignations. (उचित समयावधिको सूचना दिई राजीनामा गरेको अवस्थामा रोजगारदाताले कुनै पनि कटौती गर्न र बदला लिने सोच राख्न पाउनेछैन।)
- The employer covers repartition expenses upon contract completion or early termination with adequate notice. (कामदारले सम्झौता पूरा भएपछि वा सम्झौताको बिचमा सूचना दिएर नेपाल फर्कन चाहेमा रोजगारदाताले लाग्ने खर्चहरू बेहोर्नु पर्नेछ ।)

❖ **Age Verification (उमेर प्रमाणीकरण):**
- Bring at least two original government-issued documents for identity/age verification: (i) Nepali Citizenship card (or existing passport) (ii) Any other government-issued photo ID. (उमेर प्रमाणीकरणका लागि कम्तिमा दुईवटा सरकारले जारी गरेका कागजातहरू ल्याउनु पर्दछः (i) नेपाली नागरिकताको प्रमाण पत्र (वा राहदानी भएमा) (ii) सरकारले जारी गरेको कुनै अन्य फोटो भएको आईडी।)

❖ **Non-Discrimination (भेदभाव रहित):**
- Aakarshan promotes a safe and respectful workplace, ensuring fair opportunities for all without discrimination. (आकर्षणले सुरक्षित र सम्मानजनक कार्य स्थलको सुनिश्चत्ता गर्दछ र भेदभाव रहित वातावरणको निश्चित्ता गर्दछ ।)
- Aakarshan ensures no discrimination or harassment based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion etc. in hiring and employment practices. (आकर्षणले रंग, जात, धर्म, उमेर, लिङ्ग, गर्भवस्था आदिका आधारमा कुनै पनि भेदभाव र अमानवीय व्यवहार हुन दिदैन र यसको सुनिश्चितता गर्दछ।)
- Aakarshan ensures that workers have the right to participate in religious programs and are free to observe their respective religious activities. (आकर्षणले कामदारहरुको आफ्नो धर्म अनुसारको गतिविधि गर्न र सलंग्न हुन पाउने स्वतन्त्रताको सुनिश्चितता गर्दछ ।)

❖ **Freedom of Association & Collective Bargaining (संघ र सामूहिक सम्झौताको स्वतन्त्रता):**
- Workers have the right to freedom of movement, basic liberties, and collective bargaining as allowed by local law without discrimination based on their association. (स्थानीय कानुनले दिएको अधिकारको आधारमा कामदारहरुले कुनै पनि संघ संस्थामा आवद्द हुन पाउने स्वोतन्त्रता, बिना रोकतोक घुमफिर गर्ने अधिकार र आफ्नो आवाज सामुहिक रुपमा उठाउन पाउनेछन्।)

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):**
Information provided by the Department of Foreign Employment (DOFE) बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला ।

### E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. (आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ । तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)

Grievance Reporting Mechanism of Aakarshan (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):
Emailing at: whistleblower.aakarshan@gmail.com or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
(An Ethical Certified Foreign Recruitment Agency)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np

# नेपाली राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा एरेना

**काठमाडौं/मस–** नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीको मुख्य प्रशिक्षकमा इटालियन मूलका गुग्लिएल्मो एरेना औपचारिक रूपमा नियुक्त भएका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा)ले बिहीबार एरेनालाई मुख्य प्रशिक्षकमा नियुक्त गरिएको जानकारी दिएको हो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आयोजित कार्यक्रममा एन्फाका महासचिव किरण राईले उनलाई नियुक्तिपत्र हस्तान्तरण गरेका हुन् ।

५२ वर्षीय एरेना यसअघि नै नेपाल आइपुगेका थिए । तर एन्फाले बिहीबार मात्र उनको औपचारिक नियुक्तिको घोषणा गरेको हो । उनी अस्ट्रेलियन प्रशिक्षक म्याट रोसको स्थानमा नियुक्त भएका हुन् । रोसले गत कात्तिकमा पदबाट राजीनामा दिएका थिए ।

स्विट्जरल्यान्डमा जन्मिएका एरेना युइएफए प्रो लाइसेन्सप्राप्त प्रशिक्षक हुन् । अन्तर्राष्ट्रिय स्तरमा विभिन्न क्लब र टोलीसँग काम गरिसकेका उनले अब नेपाली राष्ट्रिय टोलीको नेतृत्व गर्नेछन् । एरेनाको मुख्य प्रशिक्षकका रूपमा पहिलो जिम्मेवारी यही मार्च २६ (चैत १२)मा हुने अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलबाट हुनेछ। उक्त खेलमा नेपालले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हङकङसँग प्रतिस्पर्धा गर्ने तालिका छ ।



यस खेलपछि उनले एएफसी एसियन कप छनोट प्रतियोगिताको तेस्रो चरणअन्तर्गतको अन्तिम खेलमा पनि नेपाली टोली सम्हाल्नेछन् । नेपालले उक्त खेलमा लाओससँग प्रतिस्पर्धा गर्नेछ ।

एरेनाले विभिन्न देशका क्लब र टोलीसँग काम गरेको अनुभव बोकेका छन् । सन् २०११मा उनले सिंगापुरको क्लब एतोइल एफसीको प्रशिक्षकका रूपमा काम गरेका थिए भने सन् २०१२ मा अल्जेरियाको क्लब सिआर बेलौइजदादको प्रशिक्षण सम्हालेका थिए । त्यसपछि २०१८ मा जाम्बियाको बिल्डकन एफसीमा प्रशिक्षक बनेका उनले स्विट्जरल्यान्डको एफसी कोन्ते तथा मोरक्कोको आरसी ओउएद जेम क्लबमा पनि काम गरेका छन् ।

पछिल्लो समय सन् २०२३मा उनले लाओसको यू-२३ टोलीको कार्यवाहक प्रशिक्षकका रूपमा जिम्मेवारी सम्हालेका थिए । नेपाल र हङकङबीच गत वर्ष जुनमा पनि मैत्रीपूर्ण खेल भएको थियो । हङकङमा भएको उक्त खेल गोलरहित बराबरीमा सकिएको थियो । चैत १७ गतेका लागि तय गरिएको उक्त खेल 'होम म्याच' भए पनि दशरथ रंगशालाले अन्तर्राष्ट्रिय मान्यता गुमाएका कारण खेल कहाँ आयोजना हुने भन्ने विषय अझै टुंगो लाग्न बाँकी छ ।


## Letang Municipality
## Office of Municipal Executive
**Letang, Morang**
**Koshi Province, Nepal**

## INVITATION FOR BIDS

**Date of Publication: 13th March, 2026 (2082 Falgun, 29)**

The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement listed below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or. Electronic bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp on or before 12th April, 2026 (2082 Chaitra 29) at 12:00.

| S. No. | IFB No. | Particulars | Estimated Cost Including PS, Exclusive of VAT& Contingency (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/ W/2082-83/16 | Upgrading of Fedapjung Road, Letang-7, Morang | 25,06,072.53 | 70,000.00 | 3,000 | 90 days/ 120 days |

**Chief Administrative Officer**



"समृद्ध आमचोक गाउँपालिका : सुखी र सुसंस्कृत आमचोकबासी"

## आमचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बालंखा, भोजपुर**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः– २०८२/११/२९)**

यस गाउँपालिकाको वडा नं. ३ स्थित "वडा नं. ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण" का लागि ठेक्का प्रकृया बढाउन पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायी/फर्महरुबाट तोकिएको शर्तहरुको अधिनमा रहि निम्न लिखित मिति भित्र विद्युतिय खरिद प्रकृया (www.bolpatra.gov.np) मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

| SN | Description of work | Last Date and Time of Submission | Opening Date and Time | Bid Document Amount | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Construction of a Basic Health Service Center Building in Ward No. 3 (ARM/NCB/ WORKS/03/2082-083) | 2082-12-29 At 12:00 PM | 2082-12-29 At 14:00 PM | Rs. 3,000.00 ga 1.1-02615391751 (Rajaswa Khata) (Siddhartha Bank LTD) | Rs. 9,5000.00 ga.03-02615136176 (Dharauti Khata) (Siddhartha Bank LTD) |

**विस्तृत विवरण** :- www.bolpatra.gov.np मा उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**डेढगाउँ, नवलपरासी (ब.सु.पू.)**
**गण्डकी प्रदेश, नेपाल**

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/११/२९**

यस बौदीकाली गाउँपालिकाको विभिन्न सडकहरूमा ग्राभेल ढुवानी गरी सडक ग्राभेल गर्ने प्रयोजनका लागि दुई वटा सवारी साधन भाडामा लिनु पर्ने भएकाले कानुनी रूपमा वैधता प्राप्त सेवा प्रदायक व्यक्ति वा फर्मबाट तपशिल बमोजिमको स्पेसिफिकेसन भएको सवारी साधन उपलब्ध गराउन इच्छुक सेवा प्रदायकहरूबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।
नियमानुसार यस कार्यालयबाट रु. १,०००.०० राजस्व बुझाई शिलबन्दी दरभाउपत्र फाराम खरिद गरी लाग्ने सम्पूर्ण कर सहित अधिकतम प्रति सवारी साधन प्रति महिना भाडा दर रु. २,००,०००।०० (अक्षरूपी: दुई लाख रुपैयाँ मात्र) भन्दा नबढ्ने गरी सवारी साधन सम्बन्धी आवश्यक कागजातहरू (नविकरण भएको सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रको प्रतिलिपि, बिमा कागजात) संलग्न राखी मिति २०८२/१२/१६ गते १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ। कुनै पनि व्यक्ति/फर्मले एक वा दुई वटा सवारी साधनका लागि शिलबन्दी दरभाउपत्र पेश गर्न सक्नेछ।

**तपशिल**

| Criteria | Requirements |
|---|---|
| Number of Vehicle | 2 |
| General | Right Hand Drive model, Gross Vehicle Weight of the Vehicle shall not be less than 16000 kgs.Wheelbase should be min. 3600 mm. |
| Engine | Min. 5800 CC, Maximum rated power output not less than 130 HP at governed RPM with torque min. 490 NM @ governed RPM, engine fully equiped with accessories for efficient full load operation of the vehicle at operating conditions. |
| Load Capacity | 7.5 CUM |
| Fuel Tank Capacity and Fuel Type | Min. 140 Litres, Diesel |
| Vehicle Model | Not before 2020 AD |

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ। सम्पर्क नं.: +९७७-९८५६०-०३३६७)

**प्रमुख प्रशासकीय अधिकृत**



## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/११/२९ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ चैत ०६ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**कञ्चनपुर**

**१. ऋणीको विवरण**

१. कम्पनी ऐन २०६३ को दफा ०५ को उपदफा (१) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७७/१०/२७ दर्ता.नं. २५५३०६/०७७/०७८ कायम भई दर्ता रहेको **बेस्ट एण्ड क्लासिक खाद्य उद्योग एण्ड सप्लायर**।
**प्रोप्राईटर : विनय हुमागाई**

**व्यक्तिगत जमानकर्ताहरूको विवरण**

१. **विनय हुमागाई**
ना.प्र.नं.- ३०-०१-०६६-२९६६
जारी मिति - २०६६/१२/०१,
जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबु - राम प्रसाद हुमागाई
बाजे - रुद्र प्रसाद हुमागाई
स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ०२
हालको ठेगाना- कैलाली जिल्ला टिकापुर न.पा. वडा नं.०१

२. **यमुना अधिकारी**
ना.प्र.नं.- ३००१-०६७-१३९४९
जारी मिति - २०६७/१०/२३,
जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबु - बिम्बचन्द्र अधिकारी
ससुरा - राम प्रसाद हुमागाई
बाजे - रामचन्द्र अधिकारी
स्थायी ठेगाना- काभ्रे जिल्ला, कुशादेवि गा.पा., वडा नं. ०३
हालको ठेगाना- कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं.०१

**लिलाम हुने सम्पतिको विवरण**

१. **यमुना अधिकारी**को नाममा मालपोत कार्यालय टिकापुर दर्ता कायम रहेको कैलाली जिल्ला, महादेउली गा.वि.स. वडा नं.०९ स्थित कित्ता नं. ४० र ५६७ को क्रमशः क्षेत्रफल १४२२०.४९ (व.मि.) र ७४४८.८३ (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **यमुना अधिकारी**को नाममा मालपोत कार्यालय टिकापुर दर्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ०९ स्थित कित्ता नं.१५३५ को क्षेत्रफल ३३८.६३ व.मि. जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**अत्तरिया, कैलाली**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७१/०२/२२ मा दर्ता न. १२३२९५/७०/०७१ कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.मा.न.पा., वडा नं.०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **तेडी निर्माण सेवा प्रा.लि. ।**

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **सिध्द बहादुर ओली**
ना.प्र.नं.- ५११०५
जारी मिति - २०५९/११/१३, जि.प्र.का. कैलाली
बाबु - दील वहादुर ओली
बाजे - लहरी ओली
स्थायी ठेगाना- कैलाली जिल्ला, गोदावरी गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ०२

२. **लहरी ओली**
ना.प्र.नं.- २/११०४/१३१२
जारी मिति - २०४६/०२/०१, जि.प्र.का. कैलाली
बाबु - भान सिं ओली
बाजे - रिउल सिं ओली
पत्नी - मुना देवी ओली
स्थायी ठेगाना- कैलाली जिल्ला, गोदावरी गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ०२

३. **कलावती ओली**
ना.प्र.नं.- ४३५७२
जारी मिति - २०५८/०१/२३, जि.प्र.का. कैलाली
बाबु - देवी दत्त पन्त
बाजे - हर्ष राज पन्त
पति - दिल बहादुर ओली
स्थायी ठेगाना- कैलाली जिल्ला, गोदावरी गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ०२

४. **दिल बहादुर ओली**
ना.प्र.नं.- २-११२९-१४१५
जारी मिति - २०४६/०२/०२, जि.प्र.का. कैलाली
बाबु - लहरी ओली
बाजे - भान सिंह ओली
पत्नी - कलावती ओली
स्थायी ठेगाना- कैलाली जिल्ला, गोदावरी न.पा., वडा नं. ०५
हालको ठेगाना- धनगढी उ.मा.न.पा., वडा नं.०२

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **दील वहादुर ओली**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, वेलादेवीपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८८१ को क्षे.फ. जम्मा १६९३.१५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **लहरी ओली**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा., वडा नं. २ स्थित कित्ता नं. १२०, १२१ र ३९२ को क्षे.फ. क्रमशः ४२७.५०, ५०० र ४२४ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. **दील वहादुर ओली**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, मालाखेती गा.वि.स., वडा नं. ३ स्थित कित्ता नं. २२० को क्षे.फ. जम्मा १०० (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
४. धनी कुमारी बैंक ली. र ऋणी **तेडी निर्माण सेवा प्रा.लि.** कायम भई सेती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रेहेको तपसिल बमोजिमका सवारी साधनहरु ।

| मोडल नं | ई.नं. | चे.नं | सवारी नं. |
|---|---|---|---|
| Bharat Benz 2523 C 6X4 Chs को Tipper | 400950D0058702 | MEC2411BCTP058997 | से १ क १३९२ |
| Bharat Benz 2523 C 6X4 Chs को Tipper | 400950D0054518 | MEC2411BAJP054563 | से १ क १३९१ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ चैत ०५ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ चैत ०६ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ चैत ०६ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# अब आधा सिलिन्डर एलपी ग्यास

**मध्यान्ह संवाददाता**
काठमाडौं २७ फागुन ।

ग्यासको माग बढ्दै जाँदा आपूर्तिमा दबाब परेको भन्दै नेपाल आयल निगमले आजदेखि बजारमा आधा सिलिन्डरका दरले एलपी ग्यास वितरण गर्ने निर्णय गरेको छ । निगमको बिहीबार बसेको बैठकले अर्को सूचना जारी नभएसम्मका लागि प्रतिसिलिन्डर ७.१ केजी ग्यास मात्रै बिक्री गर्ने निर्णय गरेको हो । उक्त परिमाणको ग्यासको मूल्य ९ सय ५५ रुपैयाँ तोकिएको निगमले जनाएको छ । निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टका अनुसार अन्तर्राष्ट्रिय परिस्थितिका कारण ग्यासको माग बढेको र आपूर्तिमा दबाब देखिएकाले धेरै उपभोक्तासम्म ग्यास पुऱ्याउन यस्तो व्यवस्था लागू गरिएको हो ।



उनले आधा सिलिन्डर वितरण गर्दा पहिले १ हजार उपभोक्ताले पाउने ग्यास अब २ हजारजनासम्म पुग्ने दाबी गरे । उनका अनुसार यसले बजारमा अनावश्यक रूपमा ग्यास थुपारेर राख्ने प्रवृत्तिलाई पनि नियन्त्रण गर्ने अपेक्षा गरिएको छ ।

'आधा सिलिन्डर कसैले पनि स्टक गरेर राख्दैन, जसलाई साँच्चिकै आवश्यकता छ उसैले मात्रै किन्ने सम्भावना बढी हुन्छ,' भट्टले बताए ।

बिहीबारदेखि नै काठमाडौंको बालाजु औद्योगिक क्षेत्रलगायत ग्यास उद्योगमा ग्यास लिन जाने उपभोक्ताको लामो लाइन देखिन थालेको छ । निगमले भने बजारमा ग्यास अभाव नरहेको दाबी गर्दै आएको छ ।

यद्यपि पछिल्ला दुई-तीन महिनादेखि काठमाडौं उपत्यकासहित विभिन्न स्थानमा ग्यासको माग असामान्य रूपमा बढेको र उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास भण्डारण गर्ने प्रवृत्ति बढेकाले समस्या देखिएको निगमको भनाइ छ ।

अन्तर्राष्ट्रिय बजारमा पनि पछिल्ला दिनमा पेट्रोलियम पदार्थको आपूर्ति प्रभावित हुने संकेत देखिएको छ। अमेरिका र इजरायलले संयुक्त रूपमा इरानमा हमला बढाएपछि तेल ढुवानीको मुख्य मार्ग मानिने होर्मुज जलडमरु क्षेत्रमा अवरोध देखिएको खबर बाहिरिएका छन् । इरानका तेल प्रशोधन क्षेत्रहरूमा पनि हमला भएको समाचार आएपछि विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेको छ । यसको असर ग्यास, पेट्रोल र डिजेलको माग तथा खपतमा समेत परेको विश्लेषण गरिएको छ ।

# अर्थमन्त्री र निजी क्षेत्रका प्रतिनिधिबीच छलफल



**काठमाडौं/मस-** अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र निजी क्षेत्रका प्रतिनिधिबीच समसामयिक आर्थिक विषयमा छलफल भएको छ । बिहीबार अर्थ मन्त्रालयमा आयोजित छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर्स अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, नेपाल उद्योग परिसंघका अध्यक्ष विरेन्द्रराज पाण्डे तथा नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खेमराज भण्डारीलगायत सहभागी थिए ।

अर्थमन्त्री खनालले आफ्नो कार्यकालमा निजी क्षेत्रबाट प्राप्त सहयोग र पृष्ठपोषणप्रति आभार व्यक्त गरे । उनले २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका कारण बिग्रिएको व्यावसायिक वातावरण र निजी क्षेत्रको मनोबल उठाउनु प्रारम्भिक चुनौती रहेको उल्लेख गर्दै साझा प्रयासबाट अहिले व्यावसायिक वातावरणमा सुधार आएको जानकारी दिए ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार छलफलमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, लगानीमैत्री वातावरण निर्माण गर्ने, घरेलु उद्योग संरक्षण गर्दै निर्यात प्रवर्द्धन गर्ने, पुँजी बजारलाई पारदर्शी बनाउने तथा आर्थिक सुशासन कायम गर्ने विषयमा सुझाव आदानप्रदान भएको थियो । अर्थमन्त्री खनालले विभिन्न क्षेत्रबाट आएका सुझावअनुसार केही विषय सम्बोधन गरिएको तथा नीतिगत जटिलताका कारण आफ्नो कार्यकालमा बाँकी काम आगामी अर्थमन्त्रीलाई हस्तान्तरण गरिने जानकारी दिए ।

छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिले अर्थमन्त्री खनालले निजी क्षेत्रका मुद्दा सम्बोधन गर्न देखाएको चासोप्रति धन्यवाद व्यक्त गरेका थिए । उनीहरूले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक स्थायित्व अपरिहार्य रहेको उल्लेख गर्दै हालै सम्पन्न निर्वाचनको परिणामबाट सकारात्मक अपेक्षा व्यक्त गरे । निजी क्षेत्रले मूल्यअभिवृद्धि कर (भ्याट)मा बहुदर प्रणाली लागू गर्नुपर्ने, कच्चा पदार्थ र तयारी वस्तुको आयात करबीच कम्तीमा दुई तहको अन्तर राख्नुपर्ने, निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने, नियमनकारी निकायको प्रभावकारिता परीक्षण गर्नुपर्ने तथा अन्तःशुल्कका उच्च दर घटाउनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो ।

# ओपो ए ६ सार्वजनिक

**काठमाडौं/मस-** ओपोले नेपालमा ओपो ए ६ स्मार्टफोन सार्वजनिक गरेको छ । लामो ब्याट्री लाइफ, आकर्षक डिस्प्ले र मजबुत डिजाइनलाई प्राथमिकता दिने प्रयोगकर्तालाई लक्षित गरी ओपो ए ६ स्मार्टफोन कम्पनीले नेपाली बजारमा भित्र्याएको छ ।

७ हजार एमएएच क्षमताको ब्याट्री रहेको छ जसलाई ४५डब्लु सुपरभुक टिएम फास्ट चार्जिङ गर्ने कम्पनीले जनाएको छ । जसले प्रयोगकर्तालाई लामो समयसम्म प्रयोग गर्न र छिटो चार्ज गर्न सहयोग पुऱ्याउँछ । साथै, यसमा १२० एचजेड एमोलेड अल्ट्रा-ब्राइट डिस्प्ले रहेको छ जसको अधिकतम ब्राइटनेस ११२५ निट्ससम्म पुग्छ, जसले स्मुथ भिजुअल अनुभव र बाहिरी उज्यालोमा पनि स्पष्ट दृश्य प्रदान गर्ने कम्पनीको भनाइ छ ।




ओपो ए ६ को अर्को विशेषता भनेको अन्डरवाटर फोटोग्राफी तथा भिडियोग्राफी क्षमता हो, जसलाई आइपी ६९ वाटर तथा डस्ट रेसिस्टेन्सले समर्थन गर्दछ । यसबाट प्रयोगकर्ताले पानीभित्र समेत फोटो तथा भिडियो खिच्न सक्ने कम्पनीले जनाएको छ । स्मार्टफोन ८जिबी प्लस २५६जिबी भेरियन्टमा ३८ हजार ९९९ रुपैयाँमा उपलब्ध रहेको छ । ओपो ए६ नेपालभरका अधिकृत ओपोका स्टोरमा पाइने कम्पनीले जनाएको छ ।

# सिएफमोटोको २५० डुअल इएफआई सार्वजनिक



**काठमाडौं/मस-** नेपालको लागि सिएफमोटोको आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले सिएफमोटो २५० डुअल इएफआई मोटरसाइकल सार्वजनिक गरेको छ ।

एडभेन्चर शैलीका प्रवेशस्तरका मोटरसाइकलमध्ये निकै प्रतिक्षित मानिएको सिएफमोटो २५० डुअल इएफआईलाई नेपाली बजारमा ल्याइएको कम्पनीले जनाएको छ । नेपालले सडक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर तयार गरिएको कम्पनीको भनाइ छ । मोटरसाइकल सामान्य तथा अफरोड दुवै प्रकारको यात्राका लागि उपयुक्त हुने र साहसिक यात्रा खोज्ने चालकलक्षित गरेर तयार गरिएको कम्पनीले जनाएको छ । मोटरसाइकलमा २ सय ४९ सिसी क्षमताको एक सिलिन्डर इन्धन इन्जेक्सन प्रणाली भएको इन्जिन जडान छ । यसले शक्ति र इन्धन दक्षता प्रदान गर्नुका साथै इलेक्ट्रोनिक फ्युल इन्जेक्सन प्रणालीका कारण थ्रोटल प्रतिक्रिया सहज हुने र इन्धन खपत कम हुने कम्पनीको दाबी छ ।

मोटरसाइकलमा सहरका सडकदेखि अप्ठेरा बाटोसम्म सहज रूपमा चलाउन सकिने 'डुअल पर्पोज' डिजाइन रहेको छ । २ सय ४५ मिलिमिटर ग्राउन्ड क्लियरेन्स भएकाले नेपालका विभिन्न सडक अवस्थाका लागि उपयुक्त मानिएको छ। यसमा डिस्क ब्रेक र उन्नत ब्रेक प्रणाली जडान गरिएको छ, जसले सवारी सुरक्षामा सहयोग पुऱ्याउने बताइएको छ। सिएफमोटो २ सय ५० डुअल ईएफआईको प्रारम्भिक मूल्य ५ लाख ४९ हजार ९ सय रुपैयाँ तोकिएको छ। मोटरसाइकल पोलार ह्वाइट, लाइम ग्रिन र टुन्ड्रा ग्रे गरी तीन रङमा उपलब्ध छन् ।

# ज्योति विकास बैंकको १८औं वार्षिक साधारणसभा सम्पन्न

**काठमाडौं/मस-** ज्योति विकास बैंक लिमिटेडको १८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । बिहीबार बैंकका सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्वमा वार्षिक सभा सम्पन्न भएको हो । साधारणसभाले बैंकको आर्थिक वर्ष २०८१/८२को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षकको प्रतिवेदनसहित २०८२ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायत वार्षिक वित्तीय विवरणउपर छलफल गरी स्वीकृत गर्ने प्रस्ताव पारित गरेको छ । यसैगरी सभाले यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व.२०८१/८२को वित्तीय विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने प्रस्ताव छलफल गरी पारित गरेको छ ।




सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले समीक्षाधीन अवधिमा बैंकले हासिल गरेका मुख्य उपलब्धिको जानकारी गराएका थिए । आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक कार्यमा गर्ने योगदानभन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ । नेपालमा रहेका बैंक तथा वित्तीय संस्थामध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ । बैंकले राष्ट्रप्रति आफ्नो दायित्व पूर्ति गर्दै गएको आर्थिक वर्षमा ४१ करोड रुपैयाँ करमा योगदान पुऱ्याएको छ । ज्योति विकास बैंकको हालको चुक्ता पुँजी ४ अर्ब ३९ करोड ५७ लाख ८५ हजार रुपैयाँ रहेको छ ।

# ग्लोबल आइएमई बैंकको 'नन् रेसिडेन्ट र ओभरसिज बैंकिङ विभाग' स्थापना

**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंकले विदेशमा बसोवास गरिरहेका नेपालीका लागि डेडिकेटेड र पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागको स्थापना गरेको छ । बिहीबार बैंकमा आयोजित एक विशेष कार्यक्रमबीच बैंकका अध्यक्ष अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त विभागको औपचारिक शुभारम्भ गरे ।



ग्लोबल आइएमई बैंकका अध्यक्ष ढकालले रोजगारी तथा अन्य कामको सिलसिलामा विदेशमा बसोवास गर्ने हरेक नेपाली नागरिक नेपालको विकास र प्रगतिका महत्वपूर्ण साझेदार रहेको र यस नयाँ विभागबाट बैंकले प्रदान गर्ने सेवाबाट विदेशमा बस्ने नेपालीलाई आफ्नो मातृभूमिसँग जोडिन थप सहयोग पुग्ने बताए । ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले यस विभागबाट प्रदान हुने सेवाले विदेशमा बसोवास गर्ने नेपाली नागरिकलाई नेपालसँग जोडिन थप सहज हुने बताए ।

नेपालमै पहिलोपटक सुरु गरिएको यस विभागमार्फत बैंकले आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति, प्रविधि र सेवा संयन्त्रलाई एकीकृत गर्दै विश्वभर रहेका आफ्ना ग्राहकलाई विशेष ग्राह्यताका साथ एकद्वार प्रणालीमार्फत सेवा प्रदान गर्नेछ । बैंकको यस विभागबाट विदेशमा रहेका नेपालीलाई सम्पूर्ण बैंकिङ सेवा, जस्तैः बैंक खाता खोल्ने, कर्जा प्रदान गर्ने, ट्रान्जेक्सन बैंकिङसम्बन्धी सेवा प्रदान गर्ने, पुँजीबजार तथा पोर्टफोलियो व्यवस्थापनलगायत सेवा उपलब्ध गराउने बैंकले जनाएको छ ।

## हिमालयन लाइफ इन्स्योरेन्स :

# एजेन्सीलाई अन्डरराइटरको हिस्सा बनाउँदै

**काठमाडौं/मस-** हिमालयन लाइफ इन्स्योरेन्सले कम्पनीमा कार्यरत रहेका एजेन्सी मेनेजरहरूलाई अनलाइन माध्यमबाट बिमा प्रस्ताव पेस गर्नका लागि कम्पनीको सफ्टवेयर सिस्टममा पहुँच दिने भएको छ । एजेन्सी मेनेजरले घरमा वा कार्यालयमा बसेर बिमा प्रस्ताव कम्पनीमा पेस गर्न सहज बनाउने उद्देश्यले यस प्रकारको पहुँच दिएको हो ।

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल

एजेन्सी मेनेजरहरूले सफ्टवेयर सिस्टममा रहेको एजेन्सी पोर्टल प्रयोग गरी आफूले गरेको बिमा प्रस्ताव स्वीकृतिका लागि कम्पनीमा पेस गर्न सकिने व्यवस्था मिलाएको छ । एजेन्सी मेनेजरले बिमा प्रस्तावका लागि तोकिएका कागजात तथा विवरण एजेन्सी पोर्टलमा पेस गरेपछि कम्पनीले अनलाइन माध्यमबाट अन्डरराइटिङ गर्ने र आवश्यक प्रक्रिया पूरा भएमा बिमा प्रस्ताव स्वीकृत गरिने प्रबन्ध गरिएको छ।

एजेन्सी मेनेजरलाई दिइएको यो सुविधाले बिमा प्रस्ताव स्वीकृत गर्न कम्पनीमा पुग्नै नपर्ने र घर वा एजेन्सीको आफ्नै कार्यालयमा बसेर काम गर्न सकिने अवस्था बनेको छ।

कम्पनीले एजेन्सी मेनेजरलाई दिएको सुविधाको कारण बिमा प्रस्ताव स्वीकृति छिटो, छरितो र सहज रूपमा हुने भएको छ । कम्पनीले एजेन्सी मेनेजरहरूलाई अन्डरराइटरको हिस्सा बनाउने अभिप्रायबाट यसप्रकारको सुविधाको व्यवस्था गरिएको र निश्चित सर्तहरू पूरा गरेपछि एजेन्सी मेनेजरहरूलाई यो सुविधामा पहुँच दिइने कम्पनीका प्रमुख कार्यकारी अधिकृत कपिल कुमार दाहालले जानकारी गराए ।


स्थानीय सरकार

**डिलासैनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
डिलासैनी, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८२/११/२९

यस गाउँपालिकाको क्रमशः मिति २०८२/९/२०, २०८२/९/२१ र २०८२/९/२२ को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रितपूर्वक बिद्दुतीय माध्यम (E-bid ) बाट दर्ता हुन आएका बोलपत्र मध्येबाट न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. न. | बोलपत्र नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ कर बाहेक) रु. |
|---|---|---|---|---|
| १. | DRM/NCB/ WORKS/1/2082/083 | Procurement for the construction of ward no-6 office building | SMS Nirmaan Sewa, Shailyashikhar municipality, Darchula | 5935879.00 |
| २. | DRM/NCB/ WORKS/2/2082/083 | Procurement for the construction of ward no-4 office building | Shree goril sidhadanath Nirman Sewa, Dilasaini RM, Baitadi | 7945026.5 |
| ३. | DRM/NCB/ WORKS/3/2082/083 | Procurement for the construction of Magaraukhola Shear wall | Gokuleswor Nirman Sewa, Shailyashikhar municipality, Darchula | 3625741.42 |

प्रमुख प्रशासकीय अधिकृत



प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**